# सानीभेरी गाउँपालिकाको आ.व. २०७७/०७८ को नीति तथा कार्यक्रम र बजेट मन्तव्य, २०७७

गाउँसभामा प्रस्तुत मितिः २०७७/०३/०८

गाउँसभाबाट पारित मितिः २०७७/०३/२६

अध्याक्षवाट प्रमाणीकरण मितिः २०७७/०४/११

प्रस्तुतकर्ताः गाउँपालिका उपाध्यक्ष श्री इन्द्रिरा ओली

## सानीभेरी गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
सिम्ली, रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

# सानीभेरी गाउँपालिकाको आ.व.२०७७/०७८ को नीति,कार्यक्रम र वजेट मन्तव्य,२०७७

- **गाउँसभामा प्रस्तुत मितिः २०७७/०३/०८**
- **गाउँ सभाबाट पारित मितिः २०७७/०३/२६**
- **अध्यक्ष वाट प्रमाणीकरण मितिः २०७७/०४/१२**
- **प्रस्तुतकर्ताः** गाउँपालिका उपाध्यक्ष श्री इन्दिरा ओली

**गाउँसभाका अध्यक्ष महोदय,**

१. **आज म गाउँसभाको यस गरिमामय गाउँसभामा** संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको गौरवशाली इतिहास बोकेको सानीभेरी गाउँपालिकाको उपाध्याक्षको हैसियतले आर्थिक वर्ष २०७७/७८ को नीति, कार्यक्रम र बजेट पेश गर्न गईरहेको छु। यस ऐतिहासिक क्षणमा जनयुद्ध, जनआन्दोलन, जनक्रान्तिमा आफ्नो जीवन उत्सर्ग गर्नुहुने बीर बिरङ्गना महान शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै घाइते र वेपत्ता यौद्धाहरुप्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु।

२. **बिश्वव्यापी महामारी परान घातको रुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस)** संक्रमणको प्रभाव सानीभेरी गाउँपालिकामा उच्च जोखिम रहिआएको हुनाले बिपद प्रकोप ब्यवस्थापन समिति पुर्नःगठन गरी क्रियासिल रहेको छ, कोभिड-१९ संक्रमण रोकथाम तथा नियन्त्रण गर्न मापदण्ड निर्माण र १ करोडको बिपद कोष स्थापना गरी सञ्लनमा आएको हुनाले अवस्था अनुसार संघ र प्रदेश सरकार संग साझेदारी गरी नागरिकको जिवन बचाउको लागि रोग र भोक बिरुद्धको कार्यक्रमलाई प्रभावकारी कार्यन्वयण गरिने छ। यसको लागि कोभिड-१९ संक्रमणको अवस्था के हुनेहो एक्विन गर्न गाह्रो भएतापनि आवश्यत्ताको आधारमा जुनसुकै चालु प्रकृतिका शिर्षक बाट संशोधन गरी खर्चगर्ने सिकिने छ। कोभिड-१९ संक्रमणको बिरुद्धको अग्रिम मोर्चाको लडाइमा स्वास्थ्य कर्मीहरु, सुरक्षा कर्मीहरु र जनप्रतिनिधि साथिहरु लडिरहनु भएको छ। साथ-साथै राजनीतिक दल, युवा साथिहरु, शिक्षक बुद्धिजिवी सचेत नागरिक र संचार मिडिय तथा पत्रकार साथिहरु सवै लाई केन्द्रित योजनामा एकीकृत परिचालन गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु।

३. **गाउँपालिकाको भौगोलिक, सामाजिक, आर्थिक तथा सांस्कृतिक विविधतालाई** ध्यान दिएर गाउँपालिका सरकार सन्तुलित र समन्यायिक विकासको बाटोमा अघि बढिरहेको छ। सापेक्षिक बेशी र पहाडी भू-भाग मिलेर बनेको विविधता युक्त यो गाउँपालिका समृद्धि हुनुनै राष्ट्रको समृद्धि हो भन्ने मान्यताका आधारमा गाउँपालिका सरकार सुशासन, विकास र समृद्धिको बाटोमा अघि बढिरहेकोछ।

४. **नेपालको संविधान २०७२ अनुसार** सार्वभौम सत्ता सम्पन्न नेपाली जनताले लोकतान्त्रिक विधिबाट संघ, प्रदेश र स्थानीय तिनैतहको सरकार दिएको हुनाले **अन्तर सम्बन्धलाई** बलियो बनाउन सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तलाई आत्मसात गर्दै अधिकार र दायित्वका दृष्टिले मात्र होइन, साधन श्रोतका दृष्टिले पनि तीन तह एक-अर्कामा परस्पर निर्भर हुने मान्यतालाई संविधानले स्वीकार गरेको छ। सोही मान्यता अनुरुप **"समृद्ध नेपाल सुखी जनता"** बनाउने संघीय सरकारको उद्देश्य पूरा गर्न गाउँपालिका सरकारले "समृद्ध गाउँपालिका खुसी जनता"को लागि**"गुणस्तरिय शिक्षा सहज स्वस्थ्य सेवा र भौतिक पूर्वाधार -सुन्दर समृद्ध गाउँपालिकाको लागि कृषि-पशु-पर्यटन विकास र रोजगार "** भन्ने मुल नारामा योजनाबद्ध विकासको बाटोमा अघि बढिरहेको छ।

५. **आर्थिक वर्ष २०७७/७८ को बजेट तथा नीति र कार्यक्रमको लक्ष्य "समृद्ध गाउँपालिका खुशी जनता"** लाई पछ्याउन आर्थिक वृद्धि दर हासिल गर्ने, युवा श्रम शक्तिलाई गाउँपालिकामै स्वरोजगारी उपलब्ध गराउन सरकारी, संहकारी र निजी क्षेत्रसंगको साझेदारीमा रोजगारीका अवसरहरु सिर्जना गर्ने, रोजगारीका लागि विदेशिनु पर्ने बाध्यतालाई न्युनिकरण गर्न प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्याक्रमलाइ प्रभावकारी वनाउने साथै कृषि र पशु बिकास उत्पादकत्व पकेट क्षेत्र बिकास गरी रोजगार सिर्जना गर्ने नीति र कार्यक्रमलाई पहिलो प्राथमिकता दिएकोछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

६. **समाज रुपान्तरणको लागि देशमा भएको जनयुद्ध र जनआन्दोलनले गर्दा ठुलो राजनीतिक परिवर्तन** पछि राज्यको पहुँच विनाका उत्पिडित, निमुखा र सिमान्तकृत वर्गको राजनैतिक चेतना स्वतःस्पूर्तरुपमा जागृत हुदैं गर्दा राजनैतिक जागरणको साथ जनताका इच्छा, आकांक्षा र चाहनाहरु पनि निरन्तर रुपमा विकसित हुदैं आएकोले स्थानीय सीमित स्रोत र साधनको समुचित प्रयोगबाट निरन्तर बढ्दा विकासका आकांक्षाहरु पुरा गर्ने प्रयत्न गरिनेछ।उपरोक्त पृष्ठभूमिमा गत आर्थिक वर्ष २०७६/०७७ माबजेट विनियोजन र निति तथा कार्यक्रममा समावेश गरिएका योजनाहरुको प्रभावकारी कार्यान्वयन अनुगमन र समिक्षाको दृष्टिले कति योजना सम्पन्न भए कति निर्माणाधिन र स्तरवृद्धिमा रहेकाछन।त्यसलाई मात्र पहिलो प्राथमिकता कायम राख्दै आर्थिक वर्ष २०७७/०७८ मा आम नागरिक, राजनितिक दलहरु, वडा कार्यालयहरु, विषयगत शाखाहरु, सरकारी तथा गैरसरकारी संघ संस्थाका प्रतिनिधिहरु, शिक्षक, बुद्धिजिविहरु, नागरिक समाज, सञ्चारकर्मी, र विकास सरोकारवालाहरुको सुझाबलाई उच्च प्राथमिकता दिएर आम सहमतिबाट साझा कार्यक्रमको रुपमा सानीभेरी गाउँपालिकाको एकिकृत गाउँविकास कार्यक्रममा बजेट विनियोजन गर्न महत्वपुर्ण आधार लिइनेछ।

**गाउँसभाका अध्यक्ष महोदय,**

७. **सानीभेरी गाँउपालिकाको संक्षिप्त परिचयः** देश संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना भइसके पश्चात राज्यको पुर्नः संरचनाले भौगोलिक तथा प्रशासनिक रुपले रुकुम(पश्चिम) सानीभेरी गाउँपालिका २०७३ सालमा स्थापना भई यसभित्र साविक ५ गा.वि.स. (सिम्ली, गरायला, अर्मा, पुर्तिमकाँडा र दुली) रहेका छन्। भौगोलिक अवस्थाको कुल क्षेत्रफल-१३३.८० वर्ग किलो मिटरमा फैलिएको सापेक्षिक समुन्द्र सतहको बेशी देखी ३१ सय मिटर उचाइ सम्मको पहाडी भागमा रहेकोछ।यो गाँउपालिका २८.३८ देखि २८.४० डिग्री उत्तरी अक्षाँस र ८२.१९ देखि ८२.२४ डिग्री पूर्वी देशान्तर सम्म फैलिएको छ।यसको सिमाना पूर्वमा मुसिकोट नगरपालकि, बाफिकोट गाउँपालिका र त्रिवेनी गाउँपालिका रपश्चिममा जाजरकोट जिल्ला र चौरजहारी नगरपालिका उत्तरमा आठबिशकोट नगरपालिकासंग सिमाना जोडिकोछ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकामा ४,१२९ घरधुरी र २२,१९४ जनसंख्या मध्य महिला जनसंख्या ११,६६१ र पुरुष जनसंख्या १०,५३३ रहेकोछ।प्रशासनिक दृष्टिले ११ वटा वडामा विभाजन भई मतदाता संख्या ११,२६६ रहेको गाउँपालिका सानिभेरीका जनताको असिमित त्याग, वलिदान, परिवर्तनकामी उर्जा शक्ति र मध्यपहाडी लोकमार्गले गर्दा सानीभेरी गाउँपालिका सुगम गाउँपालिका विकासको प्रक्रियामा छ।

८. **सानीभेरी गाँउपालिकाको एकिकृत गाउँविकास योजना वारेः** बिभिन्न कठिनाई बिच ढिला भएपनी गाउँपालिकाले आवधिक योजना र मध्यकालिन खर्च संरचना तय गरीसकेको हुनाले त्यसै अनुरुप बार्षिक योजना बजेट, नीति तथा कार्यक्रम निर्माण गरी सामाजिक बिकास, आर्थिक बिकास, भौतिक पूर्वाधार बिकास, वन, वातावरण तथा विपद् व्यवस्थापन र सुशासन र संस्थागत बिकास क्रमशकै प्रथामित्ता दिएर अन्तर क्षेत्रहरुको समन्वय गरी अन्तरसम्वन्धित सन्तुलित विकास, सुशासन र समृद्धि तथा संस्थागत विकास गरिनेछ।

९. **एकिकृत गाउँविकासको आवधिक योजनामा केन्द्रकृत परिचालनः** एकिकृत गाउँविकास आवधिक योजनामा विद्यमान संविधान २०७२ र स्थानीय सरकार संचालन ऐन २०७४ को अधिनमा रहि संघ र प्रदेश सरकारसंग सहकार्य-सहअस्तित्व, समन्वय र साझेदारी कामलाई प्रभावकारी बनाइनेछ। व्यवस्थापकीय रुपमा रहेको गाउँ सभा, सरकारको रुपमा रहेको गाउँ कार्यपालिका र न्यायीक रुपमा रहेको न्यायपालिकालाई अन्तर सम्बन्ध, सहकार्य र सन्तुलित रुपमा परिचालित गरिनेछ। गाउँपालिका सरकारका जनप्रतिनिधि र कर्मचारीहरु, समाजको नेतृत्व गर्ने राजनितीक दल, नागरिक समाज, शिक्षक बुद्धिजीवी, समाजसेवी, सुरक्षा निकायहरु, सरकारी तथा गैरसरकारी र सामाजिक संघ संस्थाहरु, संचारकर्मीहरु, किसान-मजदुर युवा, ब्यापारी-उद्योगपति र विभिन्न व्यवसायहरुलाई परिचालित गरि यसको प्रतिफल लिने सेवाग्राही आम नागरिक हुनेछन भने यसलाइ संस्थागत रुपमा विकास गरिनेछ।

**गाउँसभाका अध्यक्ष महोदय,**

१०. **आर्थिक वर्ष २०७६/७७ को चालु योजनाको संक्षिप्त समिक्षाः** आर्थिक वर्ष २०७६/७७ मा गाउँपालिकाले बजेट, नीति तथा कार्यक्रम, आर्थिक ऐन, विनियोजन ऐन र विभिन्न कार्यविधि निर्माण गरी जनाताको प्रत्यक्ष आर्थिक गतिविधिहरुमा सहयोग पुग्नेगरी कानून बमोजिम मापदण्डमा रही कार्यान्वयन गर्दा बजेट कार्यन्वयनको पहिलो चौमासिकमा जिम्मेवार व्यक्तिहरुको केही उद्धारता र तेश्रो चौमासिकमा बिश्वव्यापी महामारीको रुपमा फेलिएको कोभिड-१९ संक्रमण जोखिमको कारणले राजस्व बाँड-फाँड बाट प्राप्त हुने अनुमान गरेको आय संघ र प्रदेश सरकार बाट र आन्तरिक आय गाउँपालिकाको लक्ष्य पुरा नहुनु र अर्को तिर विकासमा विनियोजन बजेट कटौती गरी कोरोना भाइरस जोखिमको कारण प्रकोप व्यवस्थापन कोषमा जम्मा गरी जनतालाई राहत र सहयोग वितरण खर्च गर्नुपर्ने बाध्यकारी अवस्थाले बार्षिक योजना अपेक्षा गरे वमोजिम कार्यन्वयन नभएको कुरा सम्मानित गाउँसभामा जानकारी गराउन चाहन्छु।

आ.ब. २०७७/०७८ मा बजेटको सन्दर्भमा तिनै तहका सरकारको बजेट, प्राकृतिक श्रोत साधन र मानविय उर्जा शक्तिलाई गाउँविकास निर्माणमा आवधिक योजना र मध्यकालिन खर्च संरचनाले परिकल्पना गरेवमोजिम प्राथमिकता दिने क्रममा शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाइ, मानव तथा संसाधन विकास गत वर्षके निरन्तरता दिंदै कोभिड-१९ का बिरुद्ध नागरिकको सुरक्षा र भोकको बिरुद्ध खाद्य सुरक्षाका लागि आर्थिक विकास क्षेत्रको कृषि र पशु जन्य उद्योग बाटरोजगार सिर्जना गरी आर्थिक कृयाकलाप वृद्धि गर्ने आयोजनाहरु लाई प्रदेश सरकार संग साझेदारी गरी पहिलो प्राथमिकता दिएर सडक, सिचाई, उर्जा, पर्यटन,संचार, भवन तथा सहरी विकास लगायत वन तथा वातावरण र विपद व्यवस्थापनलाई क्रमशः प्राथमिकता दिएर आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम र बजेट ल्याएकोछु।

११. **गाउँपालिका सरकार प्रति जनताले गरेको आशा र भरोसालाई आर्थिक र सामाजिक रुपान्तरण अवसरको रुपमा** उपयोग गरी जनचाहना पुरा गर्ने अबको हाम्रो बाटो भनेको तीव्र आर्थिक विकास र सुशासन हो। यसर्थ आत्मनिर्भरता, स्वतन्त्र, समृद्ध, स्वाधीन र समाजवाद उन्मूख अर्थतन्त्रका लागि सार्वजनिक, निजी, सहकारी क्षेत्रको प्रभावकारी साझेदारी गरी अगाडि बढ्न गाउँपालिका सरकार प्रतिवद्धछ। सार्वजनिक खर्च अन्तर्गत चालु खर्चमा मितव्ययिता कायम गर्ने र पूँजीगत खर्च अन्तर्गत पूँजी निर्माण र आर्थिक वृद्धि हासिल गर्नेतर्फ केन्द्रित भई वित्तीय सुशासनलाई ध्यान दिएर खर्च परिचालन प्रकृयालाई मितव्ययी प्रणालीबद्द गर्नेगरी योजना तथा कार्यक्रम तयार गर्ने गाउँपालिका सरकारको प्रतिबद्धता रहेको छ।

**गाउँसभाका अध्यक्ष महोदय,**

१२. **बजेटका उद्देश्यहरुः** गाउँपालिकाको मानव श्रमशक्ति, प्राकृतिक श्रोत साधन र उपलव्ध तिनै तहका सरकारको समानीकरण, सशर्त, संपुरक र बिशेष अनुदान र बजेटलाई भरपूर उपयोग गर्ने गरी बजेटका उद्देश्यहरु प्रस्तुत गरेकोछु।

क) जनताका न्यूनतम आधारभूत आवश्यकताहरू परिपूर्ति गरेर गरिबी, विपन्नता र पछौटेपनको अन्त्य गर्ने, सामाजिक, आर्थिक, पूर्वाधार विकासले समुन्नत, सुदृढ, स्वाधीन र समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने।

ख) गणतन्त्र र संघीयता कार्यान्वयन गर्न संविधानको अनुसूची ८ र ९ मा उल्लिखित स्थानीय तहको एकल तथा साझा अधिकार सूचीको कार्यान्वयन गर्ने गराउने।

ग) दीगो गरिबी निवारण उन्मूख र रोजगार सिर्जना गर्ने कार्यक्रममार्फत गाँउपालिका जनताको जीवनस्तर सुधार गरी व्यवसायमुखी बनाउने।

घ) गाउँपालिकाको समग्र विकास र समृध्दिका लागि उपयुक्त, सुरक्षित र लगानीमैत्री वातावरण तयार गर्ने, गाउँपालिका द्वारा प्रदान गरिने सेवामा जनताको स्वामित्व र पहुँच वृध्दि गर्ने।

ङ) कृषि र पशु जन्यउद्योग, सहकारी, पर्यटन, वन, जडिबुटी क्षेत्रको विकास मार्फत आर्थिक वृध्दि र रोजगारीका अवसरहरु सृजना गर्ने।

च) भ्रष्टाचार सुन्य सहनसिल्ता प्रशासन, प्रभावकारी अनुगमन एवं उत्प्रेरित जनप्रतिनिधि र कर्मचारी मार्फत प्रभावकारी सेवा प्रदान गरी सुशासन प्रबर्द्धन गर्ने।

१३. **बजेटका प्राथमिकताहरुः** "जग बलियो नभइ घर बलियो हुदैन" भन्ने मान्यताको आधारमा सामाजिक बिकास, आर्थिक बिकास, भौतिक पूर्वाधार बिकास, वन वातावरण तथा सुशासन संस्थागत विकास समृद्ध गाँउपालिका निर्माणका लागि बजेट विनियोजनका प्राथमिकता क्षेत्र निर्धारण गरेकोछु।

(क) संविधान र स्थानीय सरकार संचालन ऐनले स्थानीय तहलाई निर्देशित गरेका विषय अनुरुप संघीयता र गनतन्त्र कार्यान्वयन गरिनेछ।

(ख) सामाजिक विकासः शिक्षा, स्वस्थ्य, खानेपानी तथ सरसफाईको विकास मार्फत दुत्रगतिमा मानव विकास र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ग) आर्थिक विकासः कृषि र पशु जन्यउद्योग, सिचाइ, उर्जा, सहकारी, पर्यटन लगायतका क्षेत्रमा पुँजी, प्रविधि र मानविय श्रमको विकासले आम नागरिकको काम, रोजगारी र अवसर सिर्जना गर्ने क्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(घ) भौतिक पुर्वाधारः सडक, भवन तथ शहरी विकास र उर्जा क्षेत्रको विकास गरी सुविधा र रोजगारीको अवसर सिर्जना गर्नक्षेत्रहरूको प्रवर्द्धन गरिनेछ।

(ङ) वन, वातावरण तथा विपद व्यवस्थापनः वन तथा भु-संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, फोहोर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद् व्यवस्थापन तर्फ सुन्दर, सुरक्षित वातावरण अनुकुलनिय अवसर सिर्जना गर्ने क्षेत्रको प्रवर्द्धन गरिनेछ।

(च) सुशासन तथा संस्थागत विकासः मानव संसाधन विकास, संस्थागत क्षमता विकास लगायतका क्षेत्रहरुको प्रवर्द्धन र क्षामता विकास गरी सेवा प्रवाह प्रभावकारी गरिनेछ।

१४. **बजेट विनियोजनको आधार तथा स्रोतको व्यस्थापनः** अब म बजेट विनियोजनका आधार तथा स्रोत व्यवस्था सम्बन्धी प्रस्ताव पेश गर्न गएकोछु। नेपालको संविधान अनुसूची ८ र ९मा उल्लिखित गाँपालिका सरकारको एकल तथा साझा अधिकार, गाँउपालिकाको आर्थिक वर्ष २०७६/७७ मा गाँउसभावाट पारित भएर विनियोजन

ऐनमा समावेस गरेका गौरवका योजनाहरु, गाउँपालिकाको आवधिक योजना र मध्यकालिन खर्च संरचनाले तय गरेको प्राथमिकरणनीतिक योजनाहरु, आर्थिक वर्ष २०७७ र ७८ मा बस्ति स्तरवाट सहकार्य युनिटवाट तर्जुमाभै वडा समिति वैठकले प्राथमिक्ताको आधारमा योजना तर्जुमा समितिमा वुझाइ छलफल पश्चात कार्यपालिकामा पेश भई स्वीकृत गरेका समग्र योजनाहरु र संघीय र प्रदेश सरकार तथा विभिन्न सरकारी तथा गैर सरकारी संघ संस्थाहरु संग साजेदारीको लागि संपुरक योजनाहरु छनौटका अनिवार्य आधार भएकोले तदनुसारका योजनामा रकम विनियोजन गरेकोछु।

सानीभेरी गाउँपालिका सरकारको आर्थिक स्रोत पहिचान र व्यवस्थापनको सन्दर्भमा संक्षिप्त जानकारी गर्नुपर्दा- **नेपाल सरकार अन्तर सरकारी बित्तिय हस्तान्त्रण समानीकरण अनुदानः रु. ९ करोड १४ लाख, नेपाल सरकार राजस्व बाँडफाँड अनुदानः रु. ७ करोड ५७ लाख, संघिय सरकारवाट प्राप्त शसर्त अनुदान रु. १८ करोड ९५ लाख, संघिय सरकारवाट प्राप्त बिशेष अनुदान रु १ करोड र संपुरक अनुदान रु. ३८ लाख तथा प्रदेश सरकारवाट प्राप्त समानिकरण अनुदानः रु. १ करोड ४७ हजार, राजस्व वाँडफाँड अनुदान रु. ४ लाख ९ हजार, संपुरक अनुदान रु. ५० लाख, बिशेष अनुदान रु. ४० लाख, शसर्त अनुदान ३० लाख, गत बर्षको मौज्दात रु. २ करोड १८ लाख र गाउँपालिका सरकारको आन्त्रिक श्रोत (राजस्व) ८६ लाख ९० हजार सहित समग्र आय रु.४२ करोड ३३ लाख ४८ हजार अनुमान गरेकोछु।**

गतवर्षको बजेट परिचालन र प्रभावकारी कार्यान्वयनको अनुभवका आधारमा चालु आ.व. मा सबै योजनाहरु उपभोक्ता विचमा गठन भएको श्रम सहकारी, उपभोक्ता समितिहरुले कामगरेको सन्दर्भलाइ समिक्षा गर्दा यसपाली आम नागरिक वाट खासै जनगुनासो नआएतापनि आजको आवश्यक्तामा श्रमसहकारीलाई निरन्तरता दिंदै प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्याक्रम अन्तरगत सवै वडाहरुमा मापदण्ड भित्रका गठित बेरोजगार श्रमिक उत्पादन समितिलाइ पहिलो प्राथमिक्ता दिंदै, युवा कल्व उपभोक्ता संस्था मार्फत कार्यन्वयन गर्ने रगा.पा. को समानीकरण वजेटवाट चालुखर्च वहायक पुजीगत खर्चका सवै योजनाहरुको कार्यान्वयनका क्रममा प्रत्यक योजनाको लागत-स्टामेट वाट ५ प्रतिशत कन्टेन्जेन्सी खर्च कटौती गरी नियम संगत प्राविधिक, विकास निर्माण तथा जिन्सी खरिदमा कानुन बमोजिमखर्च गरिनेछ।संघीय तथा प्रदेश सरकार वाट प्राप्त अन्तरसरकारी वित्तीय हस्तान्त्रण सशर्त अनुदान रकम सम्वन्धित मंत्रालयको कार्याविधि र कार्यपालिकाको निर्णय अनुसार सम्बन्धित विषयगत शाखाहरु मार्फत गाउँपालिकाको प्रत्यक्ष नियन्त्रण, निर्देशन र समन्वयमा खर्च गरिनेछ।

कार्यपालिका सरकारबाट व्यापक छलफल पश्चात गाउँपालिकाको आ.व. २०७७/७८ को बजेट विनियोजन को सन्दर्भमा संघीय सशसर्त अनुदान कार्याक्रम बाहेक नेपाल संविधान २०७२ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले गाउँपालिकको अधिकार सूची र दायित्व भित्र पर्ने कार्याक्रम र योजनाहरु, दिगो बिकास र गाउँपालिका गौरवका निरन्तर योजनाहरु, आ.व. २०७४ देखि मर्मत र स्तर बृद्धिका निरन्तर योजनाहरु, संघीय र प्रदेश सरकार तथा गैरसरकारी संघ-संस्थाहरु संग साझेदारी दायित्वका कार्यक्रमहरु र वडा स्तरवाट छनौट भई आएका प्राथमिकताका योजनाहरु जसलाई आवधिकयोजना र मध्यकालिन खर्च संरचनाले गाइड गर्दछ। यसको आधारमा क्षेत्रगत आधार र विषयगत रुपमा बजेटविनियोजन गर्ने आधार तयार गरेकोछु।

**गाउँ सभाका अध्यक्ष महोदय,**

## सामाजिक विकास क्षेत्र तर्फ

**१५.** **शिक्षा क्षेत्रः** शिक्षा ऐन, नियमावली र कार्याविधिमा रही **"सानीभेरी गाउँपालिकाको शान-शैक्षिक गुणस्तर र सिकाइ उपलव्धिमा सुधार"** गाउँपालिका सरकाको दूर दृष्टिको आधारमा शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सीपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्र र गाउँपालिका हितप्रति समर्पित जनशक्ति तयार गर्नु, सार्वजनिक शिक्षामा गुणस्तरीय शिक्षा प्रदान गर्न सूचना प्रविधिको प्रयोग गरी शिक्षण सिकाई सुधार, गरिने छ। कोभिड-१९ले शिक्षा क्षेत्रमा पारेको नकारात्मक प्रभावले छात्र-छात्रा सामाजिक मनोविज्ञान, समयमा पाठ्यसामग्रीको ब्यवस्था, समयमा बिद्यार्थी भर्ना र पठनपाठन हुन नसकिरहेको संक्रमण अवस्थामा नेपाल सरकार शिक्षा मन्त्रालयको निर्णय अनुसार विद्यालय खोली नियमित पठन-पाठन गर्नुपर्ने र बिद्यालय बन्द रहेको अवस्थामा नेपाल सरकारले तोकेको मापदण्ड बमोजिम बैकल्पिक रुपमा भर्चुअल र स्थानीय रेडियो मार्फत पठनपाठन सुचारु गर्न आवश्यक बजेट ब्यवस्था गरेको छु।

शैक्षिक गुणस्तर योजना अन्तर्गत आवश्यकता अनुसार शिक्षा ऐन, नियमावली र कार्यविधिको आधारमा शिक्षक सरुवा, प्र.अ. नियुक्ति, विद्यालय वैंक खाता संशोधन, विद्यालयहरु म्यापिङ्ग गरी सोको आधारमा विद्यालय मर्ज गर्ने, विद्यालय र विषयगत शिक्षकको स्वःमूल्याङ्कनको विधि निर्माणगरी कार्यान्वन गर्ने, स्वःमूल्याङ्कनमा पहिलो, दोश्रो र तेश्रो हुने विद्यालयलाई पुरिष्कृत गर्ने र सवैभन्दा कम अङ्क ल्याउने विद्यालय वाट स्थायी तथा अनुदान शिक्षक सरुवा र करार शिक्षक करारमुक्त गर्न सकिने गत बर्षको नीति कायम गरिएको छ।

संघीय सरकार वाट सहयोग प्राप्त नमुना विद्यालय रासि ज्ञानोदय मा.वि. सिम्ली लाई गाउँपालिकाको नमूना तथा प्राविधिक शिक्षा विद्यालयको रुपमा सहयोग र नियमन गरिनेछ। प्रदेश सरकार वाट प्राप्त हुन सक्ने स्थानीय तह नमुना विद्यालय बजेटको माग गरी आवश्यकता र मापदण्डको आधारमा गा.पा. बाट तय गरिनेछ। गा.पा.स्तरको फरक विषयमा प्राविधिक शिक्षा विद्यालय दलित तथा जनजातीहरुको वाहुल्यक्षेत्रमा पहुँच पुग्नेगरी स्थापना गरिनेछ। गाउँपालिकामा स्थानीय पाठ्यक्रम र विध्यालय शैक्षिक सुधार योजना नीति प्रस्ताव पेशगर्न शिक्षा विज्ञटिम गठनगरी परिचालन गर्ने गत बर्षको नीति कायम गरिएको छ।शिक्षाका लागि खाद्य परियोजना अन्तर्गत विद्यालय खाजा कार्यक्रम क्रियाकलापको रुपमा रहेको परिपुरक एकीकृत विकास समाज द्वारा संचालित विद्यालय स्तरीय स्वास्थ्य तथा सरसफई कार्यक्रम को निरन्तरता समन्वय,साझेदारी र प्रभावकारी कार्यन्वयन गरिने छ।

**क.** गाउँपालिका करार शिक्षक तलब अनुदान तर्फः प्रारम्भिक बालविकास केन्द्र १७ वटा दरवन्दी,संघीय सशर्सतको प्रारम्भिक बालविकास केन्द्र३२ वटामा गाउँपालिकाको थप कार्यक्रम, आधारभूत तह (१-५) २७ वटा दरवन्दी, आधारभूत तह (६-८) ४६ वटा दरवन्दी, माध्यमिक तह (९-१०)१८ वटा दरवन्दी,माध्यमिक तह (११-१२): ३ वटा दरवन्दी, प्राविधिक धार तर्फ कक्षा (११-१२) २ वटा दरवन्दी,विद्यालय सहायक १३ दरवन्दीसहित **यसको लागि २ करोड ७५ लाख ४० हजार विनियोजन गरेकोछु।**

**ख.** सानीभेरी गाउँपालिका अन्तर्गत ३९ वटा विद्यालय र ५४ वटा वालविकास केन्द्रमा आधारभूत (कक्षा १-५) तहका स्वीकृत दरवन्दीका स्थायी शिक्षक- ५९, अस्थायी शिक्षक- १६, राहत शिक्षक-३५ र (कक्षा ६-८) तहका स्वीकृत दरवन्दी स्थायी शिक्षक- ९, अस्थायी शिक्षक- १, राहत शिक्षक-१८ र माध्यमिक तहका स्वीकृत दरवन्दी (कक्षा ९-१०) तहका शिक्षक स्थायी -३, अस्थायी-२,

राहत-५ र (कक्षा ११-१२) तहका शिक्षक स्वीकृत दरवन्दी स्थायी-४, अनुदान-२ शिक्षकहरुको लागि तलब भत्ता र प्रारम्भिक बाल विकास सहजकर्ताहरुको पारिश्रमिक तथा विद्यालय कर्मचारी व्यबस्थापन अनुदान कार्यक्रम तर्फ बजेट रु. ७ करोड ५८ लाख ६६ हजार र शसर्त आधारभुत शैक्षिक क्रियाकलाप तर्फ रु. १ करोड ३३ लाख  ९१ लाख ६६ हजार विनियोजन गरेकोछु।

ग. **शिक्षा क्षेत्रमा आधारभूत क्रियाकलाप तर्फः** बैकल्पिक रुपमा भर्चुअल र स्थानीय रेडियो मार्फत पठनपाठन सुचारु गर्न आवश्यक बजेट, दलित बिपन्न जेहन्दार छात्र-छात्रालाई मापदण्डको आधारमा प्राविधिक शिक्षा पढ्न सहयोग गर्ने, शिक्षा दिवस कार्यक्रम, विद्यालय स्तरीय परीक्षा संचालन, व्यस्थापन तथा नतिजा प्रकाशन (कक्षा ८ समेत), विद्यालय नक्साङ्कण, अक्षराङ्क मुल्याङ्कण पद्धतिमा नतिजा प्रकाशन सम्वन्धी सफ्टवेयर खरिद, कक्षा ८ र SEE परिक्षा अनुगमन, SEE परिक्षा केन्द्र व्यस्थापन,उत्कृष्ट शिक्षक तथा विद्यार्थी पुरस्कार, प्रधानाध्यपक बैठक, शिक्षा समिति बैठक, परिक्षा समिति बैठक,आन्त्रिक प्रशासन  सुधार गर्न प्र.अ. लाई अभिमुखिकरण, परिक्षा केन्द्राध्यक्ष अभिमुखिकरण, विध्यालय अनुगमन, शैक्षिक स्मारिका र शैक्षिक क्यालेन्डर प्रकाशन, गाउँपालिका स्तरीय रनिङ्ग शिल्ड प्रतियोगिता सञ्चालन, ECD शिक्षक भेला तथा अन्तरकृया, बिध्यालय लेखा प्रणाली व्यस्थापन सम्वन्धी तालिम, कार्यालय सञ्चालन र इन्धन खर्च, उत्कृष्ट अङ्क ल्याउने विध्यालय लाइ प्रोत्साहन पुस्कार, स्थानीय पाठ्यक्रम तयारी र विध्यालय शैक्षिक सुधार योजना नीति प्रस्ताव पेशगर्न शिक्षा विज्ञटिम सेवा खरिद गत बर्षको निरन्तरता सहित **आधारभुत कृयाकलापमा ४१ लाख ६० हजार विनियोजन गरेकोछु।**

घ. **शिक्षाको लागि खाद्यय कार्यक्रमः** संयुक्त राष्ट्रिय विश्व खाद्य कार्यक्रमको आर्थिक तथा प्रविधिक सहयोगमा नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत शिक्षको लागि खाद्य परियोजना अन्तर्गत सानीभेरी गाउँपालिकाको तोकिएका विद्यार्थीकोहरुको लागि  दिवा खाजाका कार्यक्रम **वजेट १ करोड ४५ लाख १३ हजार विनियोजन गरेकोछु।**

शिक्षा क्षेत्रको समग्र बजेटमा भौतिक पूर्वाधार बहायक स्थायी, अस्थायी र करार अनुदानका शिक्षक/कर्मचरी, शिक्षा क्षेत्रका शसर्त र समानीकरणवाट आधारभुत समग्र कृयाकलाप सहित यसक्षेत्रमा **बजेट रु. १५ करोड ३२ लाख ९९ हजार विनियोजन गरेकोछु।**

१६. **स्वास्थ्य क्षेत्र** : गाउँपालिकाले स्वास्थ्य सरसफाइ ऐन २०७५, गाउँपालिका स्वास्थ्य वस्तुस्थिति विष्लेषण २०७६, स्वास्थ्य संस्था दर्ता कार्यविधि २०७५, स्वास्थ्य योजना र गाउँपालिका अस्पताल संचालन कार्यविधि,२०७६  कानून को आधारमा स्वास्थ्य सम्बन्धी नीति, योजना कार्यान्वयन र स्वस्थ्य संस्था दर्ता अनुगमन र नियमन गरिनेछ। स्वास्थ्य सेवामा सबैको सहज, सुलभ, गुणास्तरर समान पहुँच सुनिश्चित गर्ने गरी गाउँपालिकामा १ वटा पन्ध्र सैया अस्पताल, ११ वटा आधारभूत स्वास्थ्य सेवा केन्द्र, ३ वटा वर्थिङ्ग सेन्टर, १९ वटा खोप केन्द्र, १४ वटा गाउँघर क्लिनिक संचालनमा आई सेवा प्रवाह गरिएको छ। सबै वडाहरुमा भवन निर्माण र आधारभूत स्रोतसाधन पुरा गर्ने प्रक्रियामा गाउँपालिका अगाडी वढेको छ। पन्ध्र सैया गाउँपालिका अस्पतालमा मेडिकल अधिकृत, ल्याव टेक्निसियन, फार्मेसी, स्टाफ नर्स, डार्करुम, SBA

अनमी र आवश्यक उपकरण प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा माग गरी आर्थिक वर्ष २०७७/७८ मा गाउँपालिकाले स्वास्थ्य सेवा स्तर वृद्धि र विस्तार गर्नेछ।

**स्वास्थ्य** क्षेत्र सबैको लागि गुणस्तरसेवा र समान पहुँचे सुनिश्चित गर्न स्वास्थ्य सुधार योजनाअन्तर्गत आवश्यकता अनुसार स्थायी स्वास्थ्य कर्मचारी सरुवा, आधारभूत स्वास्थ्य सेवा केन्द्रहरुमा इन्चार्ज नियुक्ति, स्वःमूल्याङ्कनको विधि निर्माणगरी कार्यान्वन गर्ने, स्वःमुल्याङ्कणमा पहिलो दोश्रो र तेश्रो हुने स्वस्थ्य संस्थालाई पुरिष्कृत गर्ने र सवै भन्दा कम अङ्क ल्याउने स्वस्थ्य संस्थाका स्थायी कर्मचारीहरुलाइ सरुवा र करार स्वस्थ्य कर्मचारीहरु लाई करार मुक्त गर्ने गत बर्षको नीति कायम गरिएको छ।वडा नं. ११ काँडा, वडा नं. ४ चाख्लीमेला, वडा नं. ५ घापागार. वडा नं. ६ कोटगाउँ, वडा नं. ८ आमडाँडा, वडा नं. २ गिठाकोट जिउला र वडा नं. ३ गोलडाँडा प्राथमिकताको आधारमा दुर्गम देखिखोप केन्द्र भवन निर्माण र विस्तार गर्नेगरी यसक्षेत्रमा **१२ लाख बजेट विनियोजन गरेकोछु।**

स्वास्थ्य स्थायी कर्मचारी तलव-भत्ता र कार्यालय खर्च तथा सशर्त आधारभुत कृयाकलाप बजेट रु. **१ करोड ९१ लाख** र करार स्वास्थ्य कर्मचारीहरुको तलब व्यवस्थापन तर्फः मेडिकल अधिकृत १, ल्याव टेक्निसियन १, ल्याव असिस्टेन्ट १, डार्करुम असिस्टेन्ट १, अ.न.मि. ९, अ.हे.व. ९, फार्मेसी सहायक र दर्ता सहयोगी २, एम्वुलेन्स ड्राइभर १ रकार्यालय सहयोगि १३ जनासहित गत वर्षको स्वास्थ्य करार अनुदान लाई निरन्तरता दिनेगरी यसक्षेत्रमा ७६ लाख ६४ हजार बजेट विनियोजन गरेकोछु।

स्वास्थ्य क्षेत्रमा आधारभुत कृयाकलापहरु तर्फः औषधि खरिद, गाउँपालिका अस्पतालमा डिजिटल एक्स-रे मेशिन, ई.सि.जी. मेशिन, जेनेटर र बिलिङ्ग मेशिन खरीद, स्वास्थ्यकर्मीहरुलाई जिन्सी, सूचना प्रणाली र कार्यालय सहयोगिहरुलाई संक्रमण रोकथाम र सरसफाई तालिम, सवै वर्थिङ सेन्टरमा पलासेन्टपिट निर्माण, वर्थिङ बेड र नर्सिङ सेवाग्राहीलाई लत्ता-कपडा खरीद, पालिकास्तरिय नर्सिङ्ग समिक्षा, कुपोषणका लागि वाल स्वास्थ्य पुरस्कार, स्वास्थ्य इकाई बाट प्रदान गरिने खोप सेवा, सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य, पोषण लगायत स्वास्थ्य विमामा विपन्न नागरिकलाई वार्षिक शुल्क अनुदान, पालिकास्तरिय अर्ध वार्षिक तथा वार्षिक समिक्षा कार्यक्रम, गैर सरकारी साझेदारी स्वास्थ्यको लागि सक्षम प्रणाली साझेदारीमा स्वास्थ्य सेवाको पहुँच र समानुपातिक उपभोगमा सुधार, स्वास्थ्य संस्था र समुदायमा प्रदान गरिने सेवाको गुणस्तर सुधार, स्वास्थ्य सेवा प्रणालीको सुदृढीकरण र कोरोना भाइरस रोकथाम र नियन्त्रण कार्यक्रम, स्वास्थ्य संस्थाहरुमा मसलन्द र सञ्चार खर्च, खोप केन्द निर्माण, संक्रमण रोकथाम समाग्री खरिद, उत्कृष्ट काम गर्ने स्वास्थ्य संस्था/स्वास्थ्यकर्मीलाई पुरस्कार, महिला स्वास्थ्य स्वयम् सेविका प्रोत्साहन तथा यातायात खर्चरु. ६० लाख ५० हजार सहित **यसक्षेत्रमा समग्र बजेट रु.३ करोड ६१ लाख ४७ हजार विनियोजन गरेकोछु।**

१७. **खानेपानी तथा सरसफाईः** गाउँपालिकामा खानेपानी सम्बन्धी नीति र मापदण्ड तय गरी खानेपानी आवश्यकतालाई पुरागर्न श्रोतको नक्साङ्कन गरी नभएको ठाँउमा पहिलो प्राथमिकता र निर्माणाधिन योजनाहरुलाई पुरा गरिनेछ।सञ्चालनमा आएका योजनाहरुलाई अवस्था अनुसार मर्मत संभार संरक्षण गरी खानेपानी १ घर १ धारा गाउँपालिकाले प्रदेश र संघीय सरकार संग समन्वय गरी दीर्घकालिन लक्ष्य सहित उपभोक्ताको अपनत्व कायम हुनेगरी खानेपानी योजना निर्माण, मर्मत, संभार, विस्तार गरिनेछ।बिप्पे लिप्ट खानेपानी योजना निर्माण सम्पन्न भएको छ।स्याला बाव्वे टाकुरा पक्रैया खानेपानी, देउराली खोला सिम्ली

वजार खानेपानी, नाले काँडा खानेपानी र किचकिचे चिन्तु बुकेरी खानेपानी र गुदम छहरा भलाचौर खानेपानी DPR सहित प्रदेश सरकार समक्ष बिशेष अनुदान तर्फ बहुबर्षिय योजननाका रुपमा माग गरिएको छ।

खानेपानी १ वडा १ योजना मध्ये तुसारे अध्याचौर गरायला बृह्द लिप्ट खानेपानी योजना संघीय बिशेष अनुदानवाट १ करोड प्राप्त भएको छ भने माथिल्लो ओखरेनी फुक्रु भइटाकुरा लिगा खानेपानी १ घर १ धारा योजना, किदुरुख साइराभुन चाइनावगर ईमलचौर १ घर १ धारा खानेपानी योजना, तल्लो छहरे पानी टाकुरा चौर नयाँवजार गापा अस्पत्ता खानेपानी योजना, तुसारे खोला कोटगाउँ खानेपानी योजना, गोगन खोला गोलचौर सर्वाचौर खानेपानी योजना, घट्टेखोला जराचौर खालि ज्यामिरेगाउँ लिप्ट खानेपानी योजना, बाधापानी किलोघैटे खानेपानी योजना, मुलपानी फुक्रुजिउला खानेपानी योजना, तुसारे चिसापानी गिठाकोटजिउला १ घर १ धार खानेपानी र खर्क लकुडाँडा साधन कोशी कोब्चे खोला धनारा पोखरा १ घर १ धार खानेपानी योजना सामाजिक बिकास मन्त्रालय र भौतिक पूर्वाधार मन्त्रालयमा सशर्त अनुदानमा सिफारिस गरिएको छ। साना तथा मर्मत सम्भार गर्नु पर्ने खानेपानी योनाहरु र प्रदेश संपुरक, सशर्त र बिशेष अनुदानवाट खानेपानी योजनाहरु सहित **समग्र बजेट रु. २ करोड ५० लाख ५० हजार विनियोजन गरेकोछु।**

१८. **सरसफाई तथा फोहरमैला व्यवस्थापनः** फोरमैला व्यवस्थापनका लागी चाइनावगर वजार, गिठाकोट जिउला वजार, वलिवाङ्ग वजार, पेदी वजार (वारी-पारी), सिम्ली वजार (वारी-पारी), काफल बोट र बागखोर बजार सरसफाइ समिति गठनगरी गत वर्षके योजना निरन्तरता दिएकोछु।पुर्ण सरसफाइ उन्मुख टोल हाँसिवाङ्ग र फुक्रुटाकुरा अगाडी वढेकोले वडा नं ७, ८ र ९ लाईपुर्ण सरसफाइ उन्मुख वडा घोषणाको तयारी गर्ने र वाँकी सवै वडाहरुमा रुकुमेली समाज विकास केन्द्र र सुआहारा कार्याक्रम संग साझेदारी गर्ने गरी सुसभ्य संस्कृतिक वातावरणमैत्री स्थानीय तहको पहिचान दिन सरसफाइ सम्बन्धी कार्यक्रम संचालन गर्ने नीति अनुसार यसको लागि **गा.प. वाटबजेट रु. ५ लाख विनियोजन गरेकोछु।**

१९. **संस्कृति प्रर्वद्धनः** संस्कृति, भाषार ललितकलाको संरक्षण. प्रवर्द्धन र विकास सम्बन्धी गाउँपालिकाले नीति, कानून, मापदण्ड निर्माण गरी योजनाकार्यान्वियन र नियमन गरिनेछ। पुरातत्व, प्राचीन स्मारक र संग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास, परम्परागत जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन, जनजाति आदिवासिको संस्कृतिको रक्षा एवं विकास गर्ने, छुवाछुत, भेदभावपूर्ण संस्कार विरुद्ध साँस्कृतिक रुपान्तरण अभियान सञ्चालन गरिनेछ। लोक सस्कृतिको रक्षा र विकास गर्नेगरी यसक्षेत्रमा- स्थानीय कला संस्कृति प्रर्दशन तथा प्रर्वद्धनर छोटे वगरमा युद्ध संग्रालय निर्माण प्रदेश सरकार संग बहुवर्षिय योजना माग र DPR अनुसार घेरावार निर्माण, मगरराङ्जा जनजातीको पापिनीमेला प्रर्वद्धन, वडा नं. २ र ३ मा पंचेबाजा नाच र वडा नं. ६ मा दमा मगर नाच संरक्षण र सङ्गित शिक्षक कार्यक्रम सहित **बजेट रु. १६ लाख विनियोजन गरेकोछु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

२०. **लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणः** "बालबालिका, महिला, दलित, आदीवासी जनजाती, युवा, जेष्ठ नागरिक, अपाङ्गता, अल्पसंख्यक" वर्ग र क्षेत्रलाई राज्यको मुल प्रवाहमा सशक्त प्रतिस्पर्धाको लागी विकास गर्न जनचेतना प्रवर्द्धन, क्षमताको विकास, सिपमुलक तालिम र आय-आर्जनगर्ने गरी यसक्षेत्रमा क्रियाकलापहरु निम्न बमोजिम रहेकाछनः

क. **बाल संरक्षण / बालमैत्री स्थानीय शासन** घोषणाको लागी सानीभेरी गाउँपालिकाले बाल बालिका सम्वन्धि प्रोफाइल तथा कार्ययोजना निर्माण गरेको हुनाले कार्यन्वयन गरिनेछ। आमा बाबु विहिन बालबालिकाहरुको सामाजिक सुरक्षा, शिक्षा तथा स्वास्थ्य सेवाको उपलब्धता, जन्मदर्ता नभएका कारण सामाजिक सुरक्षा भत्ताबाट बञ्चित बालबालिकाको सुरक्षा भत्ता सुनिश्चित, जटिल रोगबाट ग्रसित बालबालिकाको उपचारमा सहयोग, हाल कोभिड १९ का कारण बालबालिका भोकमरीमा पर्न सक्ने हुदा आवश्यक सहयोग, यौन दुर्व्यवहार, बेचविखनमा परेका बालबालिकाहरुको संरक्षण तथा विकासका लागि कार्यक्रमहरु, विद्यालयमा बालमैत्री अध्यापनका लागि कार्यक्रमको व्यवस्था, बालविवाहको बढ्दो अवस्थालाई मध्यनजर गर्दै स्कूल तथा समुदाय तहमा बालविवाह विरुद्धको कार्यक्रमको व्यवस्था, सिमान्तकृत बालबालिकाको लागि विशेष कार्यक्रम सहित बालमैत्री स्थानीय शासन प्रवर्द्धन र घोषणा प्रक्रिय नीतिरही आएको छ। कार्यक्रमको रुपमा बालवालिका सम्वन्धी संगठन संरचनागत बिकास र शसक्तिकरण, जनचेतना र कानूनी प्रक्रियामा जोड, बाल दिवश र उद्दार, अनाथ टुहुरा बालवालिकाहरुको पहिचान गरी बिशेष सामाजिक सुरक्षा भत्ता मासिक रु. २ हजार र संरक्षण बिहिन बावालिकाहरुको पहिचानगरी बार्षिक रुपमा शैक्षिक सहायता रु. ५ हजार सहयोग प्रदान गरिने छ। पहिचान बिहिन बालवालिकालाई कानूनी सहायता, बालविवाह सम्वन्धी समुदाय र बिद्यालय प्र.अ. बिचमा अन्तरकृया गर्ने र गाउँपालिकाको  योजना, नीति तथा निर्णय प्रक्रियामा बालबालिकाको अर्थपूर्ण वाल सहभागिता सुनिश्चित गरिनेछ। अपाङ्गतामा भएका सबै बालबालिका हरूलाई अपाङ्गता परिचय पत्र बितरण,आवश्यक सहायता सामग्री र जीवनोपयोगी सीप दिई अनिबार्य विद्यालय भर्ना गरीशिक्षाको अवसर सुनिश्चित गर्न, बिद्यालयमा छात्राकोमैत्री बातावरणको लागी सेनिटरी प्याडको ब्यवस्था र आ.ब. २०७७/०७८ को भाद्र देखि लागुहनेगरी कार्यविधि तयार गरी बैंकखाता छोरीको सुरक्षा जिवन भरिको मान्यतामा आधारित प्रदेश साझेदारीमा बार्षिक प्रति व्यक्ति रु. ५ सय बैंक खातामा जम्मा गर्ने गरी यसको लागि बजेटरु. १४ लाख ५० हजार विनियोजन गरेकोछु।

ख. **महिलातर्फ-** सामाजिक र लैङ्गिक हिंसा निवारण र पुनर्स्थापना कोष स्थापना, टोल र वडाहरुमा महिला समुह, समिति र सहकारी स्थापना गरी विपन्न र पिछडिएका महिलाहरुलाई प्रवर्द्धन, सिपमुलक तालिम तथा उद्यमशीलता विकास मार्फत काम र रोजगारी अवसरको पहुँच पुऱ्याई स्वःआय-आर्जनमार्फत आत्मनिर्भर बनाउने, श्रोत र साधनमा महिलाहरुको पहुँच, स्वामित्व र नियन्त्रण  बढाउने र लैङ्गिक समान्ता, मूलप्रवाहीकरण र सशक्तिकरणको पक्षमा चेतना बढाउने र महिला श्रमीक दिवस लगायत विभिन्न महिला सम्बन्धि कर्याक्रम गर्नेगरी  यसक्षेत्रमा रु.९ लाख बजेट विनियोजन गरेकोछु।

ग) **युवा तथा खेलकुद विकासः** युवा विकास र संवृद्धिको लागी गुणस्तरीय र व्यवसायिक शिक्षा, प्राविधिक तालिम र रोजगार, उद्यमशीलता र सीप विकास, युवा स्वास्थ्य र सामाजिक सुरक्षामा परिचालन, सहभागिता र नेतृत्व विकास, बालबालिका तथा युवाहरूको शारीरिक तथा मानसिक विकास को लागिगाउँपालिका स्तरको बेलटापुमा रंगशाला खेल मैदान, एक वडा एक खेल मैदान र एक बिद्यालय एक खेल मैदान निर्माण र खेल सामाग्री र ब्यवस्थापन गर्ने गाउँपालिका सरकारको दीर्घकालिन सोंच अनुसार क्रमश कार्यन्वयण गर्न यस क्षेत्रमा रु.५ लाख बजेट विनियोजन गरेकोछु।

घ) **आदिवासी जनजातिहरुको** विकास, प्रवर्द्धन र दैनिक जिवनमा मदत र लाभहुने गरी गाउँपालिका अन्तर्गत सवै जनजातिहरुको १०४३ घरघुरी परिवारमा धुवाँरहित चुलो बितरण गर्न तहगत सरकार

र गैरसरकारी संघ-संस्थाहरु संग साझेदारी गरी गत बर्षको कार्यक्रम सञ्चालनलाई निरन्तरता दिने गरी यस कार्यक्रमलाई प्रथामिकता दिईने छ।

ङ) **दलित विकास र प्रवर्द्धन**-दलितका संवैधानिक हक तथा कानूनि व्यवस्थाले निर्धारण गरेका सेवा सुविधाहरु र जातिय छुवाछुत अपराध कसुर सजाय ऐन, २०६८ लाई पुर्ण रुपले लागु गर्न गाउँपालिका सरकार प्रतिवद्ध छ। सामन्ती अर्थप्रणाली अन्तर्गत दलित समुदायमा रहेको बालिघरे विष्ट प्रथाको अन्त्य गरि विकल्प स्वरुप ज्यालादर निर्धारण गरेर दलितका मौलिक सीप, कलाहरुलाई आधुनिकिकरण र व्यवसायीकरण गरिनेछ। दलित र गैर दलित समुदाय विचमा सामाजिक सदभाव कायम गर्न सामाजिक साँस्कृतिक रुपान्तरण र अन्तरघुलनका कार्यक्रमहरु वनाएर प्रभावकारी ढंगले संचालन गरिनेछ।राज्यको समानुपातिक तथा समावेशी नीतिलाई अवलम्बन गरेर स्थानिय तहबाट प्रभावकारी ढंगले लागु गर्न हरेक क्षेत्रमा दलित समुदायको नेतृत्व विकास सहितको अर्थपुर्ण प्रतिनिधित्व सुनिश्चित गर्न नेतृत्त्व, क्षामता विकास सम्बन्धि कार्यक्रमहरु लागु गरिनेछ।स्थानीय सरकारले दलित छुवाछूतमुक्त गाउईपालिका घोषणा गरेको हुनाले विपन्न दलितहरुलाईआय-आर्जन गर्न सिपमुलक तालिम,विपन्न दलित वालवालिकाहरु लाई आर्थिक सहयोग, सुधारिएको आरन र पञ्चेवाजा प्रर्द्धन गर्ने गरी **यसक्षेत्रमा बजेट रु.७ लाखबजेट** विनियोजन गरेकोछु।

च) गाउँपालिकामा जेष्ठ नागरिकहरु सम्मानपुर्ण जिवन जिउन परिवारिक ब्यवहार परिवर्तन, मिलनकेन्द्र स्थापना, संरक्षण बिहिन जेष्ठ नागरिकहरुलाई सहयोग र संरक्षण गर्ने नीति लिइएको छ। परिचय पत्र बितरणमा सहयोग र अन्तरपुस्ता सिप हस्तान्त्रण कार्यक्रम गरिने छ।अपाङ्ग भएका ब्यात्तिहरुलाई सम्मान गर्दै सिप तथा आयआर्जन कार्यक्रम गर्ने, अपाङ्ग परिचयपत्र बितरण शिविर चलाउने, सहयोग सामाग्रि बितरण गर्ने, भौतिक पूर्वाधारमा अपाङ्गमैत्री संरचना निर्माणगर्न ध्यान दिइने छ।फरक क्षमता भएका अशक्त र अपाङ्ग व्यक्तिहरुको समस्याहरु समाधान गर्न प्राथमिक्ताको पहिचान गरी प्रवर्द्धन सिपमुलक कार्याक्रम कार्यान्वयण गर्न जेष्ठनागरिक र अपाङ्ग व्यात्तिहरुको सहयोगी कार्यक्रम तर्फ रु. ४ लाख बजेटविनियोजन गरेकोछु।

छ) जनयुद्ध र जनआन्दोलनका शहिद परिवारहरु र घाईतेहरुलाइ सम्मान, संरक्षण र प्रवर्द्धन गरिने छ। सिपमुलक तालिम र कृषि जन्य आयआर्जन कार्याक्रम सञ्चालन र शहिदहरुको संझनामा हुसुखोला, हाँसीवाङ्ग, रिम्न दोभान शहिद गेट तथा गिताचौर फिल्ड निर्माण सहित रु.१३ लाख **बजेट विनियोजन गरेकोछु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

**आर्थिक विकास क्षेत्र तर्फ**

२१. **कृषि र पशुपन्छी विकासः "कृषि पशु नै सम्वृद्धिको आधार-गाउँपालिकामा कृषकलाई रोजगार"** भन्ने मूल नाराका साथ कृषि क्षेत्र अन्तर्गत अन्नवाली, तरकारी, फलफूल र पशुपालनको समुचित विकासबाट आत्मनिर्भर भइ यसको व्यवसायिकरणबाट स्थानीय समुदायको जीवनस्तरमा सुधार, गरिबी निवारण, रोजगार सिर्जना र बेरोजगारीको अन्त्य गरी खाद्य सुरक्षाको विकास गरिनेछ। कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन कृषिमा बेरोजगारको तथ्यांक संकलन, कृषकहरुको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, सीप विकास र सशक्तीकरण गरिनेछ।

उन्नत विउ विजनको प्रयोगबाट तरकारी उत्पादनमा वृद्धि गर्नु, नश्लसुधार गरि पशुपालनलाई व्यवसायिकरण गर्नु,पशु पन्छी र फलफूलहरुको पकेट क्षेत्र तोकी विस्तार गर्नु, अन्नवाली उत्पादनमा वृद्धि गर्न आवश्यक सिचाइ, मलखाद र कृषि औजारको व्यवस्थापन गर्नु, कृषकहरुलाइ क्षमता विकासको क्रियाकलापहरु संचालन गर्नु, कृषि उत्पादनलाइ प्रतिस्पर्धात्मक बनाउन कृषिमा यान्त्रीकरण गर्नु, कृषिको बजारिकरण गर्नको लागि पूर्वाधारहरुको विकास गरिने छ।

पशुपन्छी बजार सूचना, बजार तथा हाटबजार पूर्वाधार निर्माण, पशुपंछीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोग नियन्त्रण,पशुपन्छी चिकित्सा सेवा व्यवस्थापन, पशुआहार गुणस्तर नियमन, स्थानीय स्तरमा तथ्याङ्क व्यवस्थापन र सूचना प्रणाली, बधशाला र शीत भण्डारणको ब्यवस्थापन र नियमन, कृषि तथा पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण गरिनेछ।

तरकारीवालीको विउ तथा उत्पादनमा वृद्धि गरी कृषकहरुको आम्दानीमा सुधार ल्याउन, तरकारीको विउ उत्पादन गर्न चाहने वा विउ उत्पादन गरिरहेका कृषकहरुको समुह गठन कृषकहरुलाइ उत्प्रेणा जगाउन गाउपालीकाले अनुदानको व्यवस्था गर्नु, कृषकबाट उत्पादित विउको विक्रि वितरणको व्यवस्थापनको जिम्मेवारी सहकारीलाइ प्रदान गर्नु, तरकारीको उत्पादन वृद्धिको लागि टेन्टलको व्यवस्थापन, मल तथा सिचाइको व्यवस्थापन गरि उत्पादित तरकारीहरु हाटबजार मार्फत विक्रि वितरण वा सहकारी मार्फत अन्य ठाउहरुमा विक्रि वितरणको व्यवस्थापन गरिने छ।

**फलफूलखेती** सम्भावित क्षेत्रहरु पहिचान गरि व्यवसायिक रुपमा उत्पादन बढाइ निकास प्रवर्दन गर्न, व्यवसायिक रुपमा फलफूल खेती गर्न चाहाने किसानहरुको पहिचान गरि वेर्नामा अनुदान प्रदान गर्ने, सम्भावित फलफूल नमुना पकेट क्षेत्र घोषणा गरि त्यस क्षेत्रलाइ आवश्यक प्राविधिक ज्ञान प्रदान गर्ने, व्यवसायिक रुपमा फलफूल खेती गरेको जग्गाहरुमा छोटो समयमा उत्पादन हुने खेती गराउन प्राविधिक सहयोग प्रदान गर्ने, व्यवसायिक रुपमा फलफूल खेती गरिएका किसानहरुलाइ गाउँपालिकाबाट अनुदानको व्यवस्थ ागर्नु, फलफूलको उचित मूल्य व्यवस्थापनको लागि सितभण्डार निर्माणको लागि निजीक्षेत्रसँग साझेदारी गर्ने, फलफूलको उत्पादनमा किसानलाई उचित मूल्य दिनको लागि फलफूल सहकारी मार्फत बजारीकरण गर्ने, जुस उत्पादन गर्न साना उद्योग गाउँपालिकाबाट आवश्यक अनुदानको व्यवस्था गरिने छ।

**क) पशु पन्छी विकास क्षेत्रमा गाउँपालिका योजना :**

(१) संघीय र प्रदेश सरकार, भुमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहयोग र गाउँपालिकाको साझेदारी र नेतृत्वमा समुदायमा आधारितभैसी श्रोत केन्द्र विस्तृत परियोजना प्रस्ताव तयारगरी भैसी श्रोत केन्द्र वडा नं. २ गिठाकोट जिउला रहेको छ भने यस अन्तर्गत वडा नं.१, २, ४ कलष्ट र एक, वडा नम्वर ७, ८, ९, १०,१ १ कलष्टर वडा दुई र वडा नम्वर ३, ५, ६ कलष्टर तीन विभाजनगरी प्रत्येक वडामा २५ घरधुरीको समूह गठनगरी कामको सुरुवात गरिएको छ। भैसी श्रोत केन्द्र बिस्तृत परियोजनाले परिकल्पना गरेवमोजिम संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको सामुहिक लगानी, स्वामित्त्व र जिम्मेवारी रहनेगरी पकेट क्षेत्रको कलष्टरहरुमा भैसी प्रवर्द्धन, उत्पादन, बितरण र बजारीकरण गरी कृषकहरुको जिवन र आय आर्जनमा परिवर्तन गरिने छ।

(२) बाख्रा र माउरी पकेट क्षेत्र वडा नम्वर ३, ४, ५, ६ लाई निर्धारण गरिएको हुनाले प्रदेश सरकार भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र संघीय सरकार लाई बाख्रा र माउरी श्रोत केन्द्र निर्माण र सञ्चालमा साझेदारी गर्न गाउँपालिकाले माग र अनुरोध गरेको छ।

(३) लोकल कुखुरा पालन गर्न मध्यपहडी लोकमार्ग करीडोर बाउनीखेत देखी गिठाकोट हुदै हाँसीवाङ्ग सम्मा लाई पकेट क्षेत्रको रुपमा भुमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको सहयोग र गाउँपालिकाले साझेदारी लगानिमा कामको सुरुवात गरिने छ।

स्थायी र करार कर्मचारी ब्यवस्थापन, पशुसेवा प्रसार, पशु उपचारको क्षमता वृद्धि, पशु उपचार प्रयोगशाला सेवा कार्यक्रम, पशु रोगथाम सेवा कार्यक्रम,पशु पकेट क्षेत्र तथा उत्पादत्व सुधार आहारा विकास कार्यक्रम, जनचेतना तथा सिप विकास कार्यक्रम, साजेदारीमा व्यवसायिक फर्म सुधार कार्यक्रम, पशु तथा पशुजन्य पदार्थको बजारीकरण, संघीय शसर्तर स्थानीय सरकारबाट अनुदान प्राप्त लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रम, लागत साझेदारीमा मासुको लागि पाडा प्रवर्द्धन रबाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन लगायत यसक्षेत्रमा १ करोड २६ लाख ७४ हजार बजेट बिनियोजन गरेको छु।

**ख) कृषि विकास क्षेत्रमा गाउँपालिका योजना :**

(१) फलफुल सुन्तला, कागती, लिची, आँप, केरा पकेट क्षेत्र-वडा नं. १, २, ७, ८. ९, १० र ११ लाई र किबि, दाँते ओखर पकेट क्षेत्र वडा नं. ५ र ११ लाई छनौट गरि बिरुवा लगाउने काम सुचारु भएकोले यसको निरन्तरता, स्तरवृद्धी र बिकास गरिने छ।

(२) तरकारी र तरकरी बिउ उत्पादन पकेट क्षेत्र- वडा नं. ९, ८, ७, ४, ३, २ १ लाई छनौट गरि कृषक हरुको लागत सहभागितामा कामको सुरुवात भएकोले यसको निरन्तरता, स्तरवृद्धी र बिकास गरिने छ।

(३) मसला बाली पकेट क्षेत्र- बेसार, अदुवा, टिमुर वडा नं. १ लाई निर्धारण गरी प्रदेश भुमी ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र बनस्पती बिभाग कपुरकोटको सहयोगमा गाउँपालिकाको साझेदारीमा कामको सुरुवात भएकोले यसको निरन्तरता, स्तरवृद्धी र बिकास गरिने छ।

स्थायी र करार कर्मचारी ब्यवस्थापन, कृषिः सघन बालि, तरकारी विकास आयोजना, फलफुल खेती विस्तार र सृध्दीकरण, च्याउखेती, मौरी पालन, साना सिचाई, माटो सुधार र गोठमल व्यवस्थापन, मसला बाली, बजार विकास तथा आर्थिक विश्लेषन, कार्यालय व्यवस्थान तथा प्रशासनिक खर्च, कृषक दर्ता व्यवस्थापन, राष्ट्रिय र स्थानीय महत्वका खाद्य तथा पोषण सुरक्षाममा टेवा पुर्याउने वाली वस्तको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गर्न यसक्षेत्रमा ८४ लाख ७४ हजार ८ सय ६० बजेट बिनियोजन गरेको छु।

२२. **पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनः** गाउँपालिकाले पर्यटन रणनीति योजना निर्माण गरेको छ। जसले निर्देशन गरेवमोजिमको योजनालाई प्राथमिकता दिनु पर्दछ। "प्राकृतिक, धार्मिक, ऐतिहासिक सम्पदाको संरक्षण र प्रवर्द्धनगरी पर्यटन गन्तव्यको एकिकृत पर्यटन पूर्वाधारको विकास गरी गाउँपालिका जनताको जीविकोपार्जनमा सुधार ल्याउने, पर्यटकिय गतिविधिमा वृद्धिबाट ग्रामीण रोजगारीका अवसरहरु सिर्जना गर्ने र यसको लाभ तल्लो तहसम्म पुऱ्याइने छ। नयाँ तथा सम्भावना देखिएका स्थानहरुमा पर्यटन सम्बन्धी सेवा तथा वस्तुको

उत्पादन गर्न स्थानीय समुदायको क्षमता तथा सहभागिता अभिवृद्धि गर्ने, विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गाउँपालीका पर्यटक आकर्षण गर्ने स्थानहरुको फोटो तथा अन्य जानकारीहरु प्रचार प्रसार गर्ने, पर्यटकीय आकर्षक स्थलहरु सम्म आवतजावत गर्न सडक सञ्जाल र पदमार्गको विकासबाट सुविधा प्रदान गर्ने, पर्यटकका लागि गुणस्तरिय होटल, रेस्टुरेण्ट तथा लज स्थापना गर्न विभिन्न सुविधा सहित नीजि क्षेत्रलाई आकर्षित गरिनेछ।

गाउँपालीकाले पर्यटन प्रवर्द्धन सम्बन्धमा तत्कालिन अगाडी वढाउने क्रियाकलापहरुः धार्मिक, साँस्कृतिक, ऐतिहासिक र कृषि पर्यटन महत्वका क्षेत्रहरुमागाउँपालिका युद्ध संग्रहालयका रुपमा छोटेवगर र दुली सार्दुल्ला घर संरक्षण र बिकास गर्ने, लोपउन्मुख तहमा पुगेका सम्पदाहरुको संरक्षण तथा सम्बदर्द्धनको थालनी गर्ने, रिम्न दोभानमा धार्मिक पर्यटनको लागि DPR गरी भौतिक पुर्वाधारको बिकास र संरक्षण गर्ने, धार्मिक पर्यटकीय ट्रिएङ्ग झोलुङ्गे पुल निर्माणको पहल गर्ने, गाँराघाट सिम्ली चाइनावगर चौरजहारी सानीभेरी भेरी नदीमा ऱ्याप्टिङ्ग सञ्चालनको लागी भौतिक पुर्वाधार बिकास गर्ने, मौरा खारा प्राकृतिक पार्कको लागि DPR गरी सोही अनुसार काम गरिने छ। बुकीचौर मालिका लेक पदमार्ग सिडी, भलाचौर तिमिले कमैदे मौराखार पर्यटकीय सडक, मौराखारा गुरिल्ला म्याराथन तथा स्थानीय साँस्कृतिक तथा कृषि उपज प्रदशनगर्ने रगाउँपालिका भित्र शहरउन्मुख बाजार क्षेत्रमा सरसफाई अभियान मार्फत प्लास्टिक झोला र वोतल र फोहोर व्यवस्थापन गर्ने गरी यसतर्फ सवै कार्यक्रममा रु. ४४ लाख बजेट विनियोजन गरेकोछु।

२३. **लघुउद्योग कार्यक्रमः** सानीभेरी गाँउपालिकामा लघु उद्यम प्रबर्द्धन रणनीतिक योजना निर्माण गरेको हुनाले सोही बमोजिमलक्षित वर्ग गरिबीको रेखामुनि रहेका आर्थिक रूपले विपन्न र सीमान्तकृत समुहलाइ लघु उद्यम विकासको माध्यमबाट रोजगारी अवसरको सिर्जना र आयस्तर वृद्धि गर्ने। स्थानीय तहमै उपलब्ध हुने स्रोत साधनको अधिकतम उपयोग गरी मागमा आधारित उत्पादन तथा सेवाहरूको विकासद्वारा गरिबी न्यूनिकरण गर्ने, स्थानीय सीप र स्रोतको उपयोग गर्ने, युवा रोजगार सिर्जना गर्न उपलब्ध स्रोत साधन, जनशक्ति, सीप र पर्यटकीय संभावनाका अवसरहरु खोजिगर्ने, "स्थानिय श्रोत साधन र सीपको उपयोगबाट उद्यम र रोजगारीमा बृद्धि, सानीभेरी गाँउपालिकाका लक्षित बर्गका जनताको समृद्धि" गर्ने दीर्घकालीन सोंचका साथ लघु उद्योग रणनीति योजना निर्माण गरिएको छ।

मेड्पा मोडेललाई लक्षित समूह अनुकुल हुनेगरी **"लक्षित वर्गका सबै उद्यममा सरिक,कोही पनि नरहुन गरिव"** भन्ने नाराका साथ प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने, अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना तथा लक्षित वर्गको एक घर एक उद्यम सहितको व्यवसायिक रोजगारमूलक अवस्थाको सिर्जना गरिने छ।

युवा रोजगार एवं साना व्यावसाय विकास र संवृद्धीकोलागी गुणस्तरीय र व्यवसायिक शिक्षा, उद्यमशिलता र सिप विकास तथा तालिमको माध्यमबाट महिला उद्यमशिलता विकास गरी सामुहिक उत्पादन र खेति गर्न श्रम सहकारिहरुको स्थापना गर्न प्रोसाहित गरिनेछ। अर्ध वेरोजगार भएका कृषकलाइ व्यावसायी करणगरी तिनलाई पूर्ण रोजगार उन्मुख बनाउने लक्षराखी सरकारी, सहकारी र नीजि क्षेत्रको साजेदारी लगानिलाइ प्रोत्सहान गरिने छ। प्रदेश सरकार संग माग, समन्वय र साझेदारी गरिगाउपालिकामा १ गार्मेन्ट

उधोग सञ्चालनमा आएकोले भौतिक संरचाना निर्माण र स्तर बृद्धी गरिने छ। भैसीपकेट क्षेत्र सुचारु भएको हुनाले दुध सङ्कलन केन्द्र निर्माण र सञ्चालन गर्ने, मसला संकलन र प्रशोधन केन्द्र निर्माण र सञ्चालन गर्ने, फलफुल र तरकारी पकेट क्षेत्रवाट उतपादित वस्तुलाइ प्रशोधन गर्न जुस र सस् उद्योग निर्माण र सञ्चालन गर्ने, प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत लघु उद्यम विकास मोडेलमा नयाँ लघु उद्यमी सिर्जना गर्ने, प्रतिष्पर्धामा छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरु मार्फत उद्यमीको स्तरोन्नति गर्ने, अति गरिब परिवारहरुको लागि कम्तिमा १० जनाको लागि हुने गरी साझा सुविधा केन्द्रको स्थापना र जनस्तरमा साना उद्योमिको सोपहलमा सञ्चालन गरेका फलफुल नर्सरी, पाउरोटी, चाउमिन डेरी उद्योगहरुलाई प्रोत्सहान गर्नेगरीगाउँपालिकाबाट यसक्षेत्रमा रु ५५ लाख ५० हजार विनियोजन गरेकोछु।

२४. **सहकारी र वित्तिय क्षेत्रको विकासः** गाउँपालिकामा सहकारी ऐन, नीति र मापदण्ड अनुसार सहकारी संस्था दर्ता, अनुमति, खारेजी र विघटन, सहकारी बचत तथा ऋण परिचालन सम्बन्धी मापदण्ड, नियमन, सहकारी सम्वन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन, क्षमता अभिवृद्धि गरिने छ। सहकारी संस्थाहरुले कृषिजन्य उत्पादन र सेवामुलक कामलाइ पहिलो प्राथमिक्ता दिएर काम गर्नुपर्दछ र गाउँपालिका स्तरमा कृषि उत्पादन क्षेत्रमा राम्रो काम गरेको सहकारीलाइ अनुदान वाट पुरिष्कृत गरिनेछ। श्रम सहकारी हरुलाइ विकास निर्माण उत्पादन सामाजिक तथा सेवा मुलक काम जसले राम्रो गर्दछ मापदण्डको आधारमा छनौटगरी पुरिष्कृत स्वरुप अनुदान प्रदान गरिनेछ।

गाउँपालिकामा साना किसान, ब्यापारी र उद्योमी तथा आम साना ब्यवसायीकहरु लाई बिभिन्न बित्त संघ संस्थाहरुले अदृस्य चर्को ब्याज असुल, गाउँको पूजि पलाइन र परनिर्भता रोक्न गाउँपालिका बासिलाई आत्म निर्भर, पूजिको बिकास र सप्टलोन बाट सानो आयआर्जन गर्नेगरी गाउँपालिकामा स्थापना भएको बचत तथा ऋण सहकारी संस्थनलाई अनुदान दिनगरी **बजेट रु. ५२ लाख विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

## पुर्वाधार विकास क्षेत्र तर्फ

२५. **सडक संजाल विकास निर्माण** : गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ मा यातयात विस्तृत गुरु योजना निर्माण गरी सडकहरुको वर्गी करण, मापदण्ड र अनुमान लागत समेत प्रस्तुत गरेकोछ भने अर्को तिर गाउँपालिका भित्रका सम्पुर्ण सडकहरु डि.पि.आर. गरिएकोछ। शहरी तथा वस्ति विकास मापदण्ड २०७५ गाउँपालिकाले जारी गरिसकेकोले घडेरी भवन सडकहरु निर्माणको माप दण्ड निर्धारण भैसकेको हुनाले सोही बमोजिम स्थानीय कृषि सडक र घोडेटो वाटो सम्बन्धी नीति, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गरिनेछ। गाउँपालिकामा मध्यपहाडी लोकमार्ग क्षेत्रीय सडक र कृर्षी सडक गरी मुख्य र सहायक सडक सञ्जाल विद्यमान रहिआएकोछ। गाउँपालिकाको केन्द्र देखि वडा कार्यालय सम्म, वडा कार्यालय देखि टोलसम्म एक वडा एक हरित कृषि सडक निर्माण गर्ने लक्ष्य राखी गाउँपालिकाले सवै काम अगाडी बढाएको छ।

(१) **मुख्य सडक-** मध्यपहाडी पुष्पलाल लोक मार्ग आगामी १ वर्षभित्र कालोपत्रे गर्ने कार्यलाई सम्पन्न गर्न संघीय सरकारर चौरजहारी हाँसीवाङ खण्डमा काम गर्ने चन्द्रा एण्ड वसन्त कन्ट्रक्शन प्रालि कम्पनिलाई ध्यान आकर्षण गराइने छ। अर्मा झारमारे काफलवोट गरायला पेदी दुली खेत घापागार पोखरी क्षेत्रिय सडक र रिम्ना गोगन खोला बलिवाङ पेदी ज्यमिरे गाँराघाट क्षेत्रिय सडक निर्माण

स्तर बृद्धी र मर्मत संभार, सर्वाचौर चाखलिमेला बाधापानी मौराखारा टुरा कृषि सडकको निर्माण गर्ने जिम्मेवारी संघीय तथाकर्णाली प्रदेश सरकार लाइ अनुरोध गरिएकोछ।

(२) **सहायक सडकहरु-** चाईनाबगर पक्रैया बुकिचौर जंगलगाउँ बसन पुडाँडा कृषि सडक, गिठाकोट जिउला घर्तिगाउँ पुर्तिमकाँडा गाउँ बसनडाँडा कृषिसडक, सिम्ली स्यालीबोट मगरराङ्जा छेलोहान्ने टोट्के काँडा घडेरी स्यालिवोट कृषि सडक, पेदी बल्याखर्क गोलडाँडा खारा खाली अध्याचौर स्याला कृषि सडक, झिनचौर भलाचौर तिमिले कमैदे मौराखा पर्यटकीय सडक, नायखोला खालचौर गाउँबारी टुरा कृषिसडक, मेलचौर किलोघैटे घापागार हाँसु कोटगाउँ कृषिसडक, मेलचौर बल्लेबास रिटनाखोला खेतमुडीगार कोटगाउँ दमार गुमाखोला कृषि सडक,सहरे जिउला चन्द्रदोय आ.वि. जनचाहाना भेरीदह लीगा फुक्रु जिउला हुसुखोला सिम्ली टाकुरा कृषि सडक, सिम्ली टाकुरा कालिका पाखेरोल लामाडाँडा कृषिसडक, तल्लो आमडाँडा विप्पे चिन्तु कृषिसडक, घडेरी टुनीबोट घण्ठाना तिमिले चिन्तुबुगेरी वडा कार्यालय कृषिसडक,घण्ठाना अर्मा डाँडा काफलवोट रानिचिउरा घडेरी कृषिसडक, काफलबोट टिमुरबोट, अम्रेडाडा, पोखराधनरा पाथिहाल्न बागखोर गातिना घडेरी कृषिसडक, बाउनीखेत सिमलचौर कल्लेरी कामीगाउँ बुकीचौर कृषि सडक, चाइना वगर जंगलगाउँ कृषि सडक, बालजोती मा.बि. गौऱ्याल गाउँ परियारटोल कृषि सडक, मेलचौर धनेखोला सल्लीचौर कृषि सडक, लिगा जैधाने भेरीदह कृषि सडक, कालिका डल्सिङ्गे बिप्पे कृषि सडक, ओलीडेरा खामोहाले तितेखोला चौर कृषि सडक, हाँसिवाङ खातिकाँडा मगरराङ्जा कृषि सडक लक्कुडाडा, लगनचौर, ठुलालेख, सतिपोले कृषि सडक, मुरीगार कोटगाउँ, कालिका पाखेरोल लामिडाँडा र अर्मा डाँडा काफल वोट रानिचिउरा कृषि सडक र झोलुङ्गे पुल सहित संघीय र प्रदेश सरकार संग साझेदारी संपुरक गर्ने गरी निर्माण,मर्मत संभार र स्तरवृद्धि सहित रु. करोड २ करोड ४९लाख ३८ हजार विनियोजन गरेकोछु।

२६. **सिंचाई तर्फको विकास र योजनाः** सानीभेरी गाउँपालिकामा सिचाई सम्वन्धि गुरुयोजना तर्जुमा, स्तरोन्नतिका आयोजनाको पहिचान, कार्यान्वयन, मर्मत, सम्भार र नियमन गरिनेछ। साना सतह तथा भूमिगत सिंचाई प्रणालीको संचालन र मर्मत-संभार र व्यबस्थापन,नदि र खोलाहरुबाट ठूला र साना सिंचाई योजना सञ्चालन, पोखरी सिंचाई योजना र विद्युत उपलव्ध भएसम्म लिफ्ट सिंचाइ योजनाद्वारा बढी भन्दा बढी जमिनमा सिंचाई पुऱ्याइनेछ। संचालनमा आएका योजनाहरु लाई संरक्षण, मर्मत संभार र आर्थिक वर्ष २०७६।७७ मा सम्पन्न नभएका चालु योजनाहरुलाई निरन्तरता दिएर क्रमागत रुपमा कार्यान्वयण गर्नेगरी मेघा मुसेखोला मुरेखोला गोलचौर DPR सहित बृहद सिचाई योजना निर्माण, गरायलागाउँ पम्पिङ्ग सिचाई आयोजना, भरालखोला बाहुनीखेत वारीपारी पक्की सिचाई कुलो निर्माण लाई प्रदेश भौतिक पूर्वाधार मन्त्रालयमा सिफारिस गरिएको छ भनेसाउने छहरा कल्लेघारी गिठाकोट ज्यूला कृषि सिचाई योजना (क्रमागत), दुवेरी कृषि सिचाई योजना (क्रमागत), छहरे पानी तल्लो आमडाडा सिचाई योजना निर्माण, अधेरी खोला ठुलोखोला तल्लो माथिल्लो चाइनावगर पक्की सिचाई कुलो निर्माण, सोता लिप्ट सिचाई योजना निर्माण, सहरे जिउला सिचाई योजना निर्माण, फुक्रु जिउला सिचाई योजना निर्माण, खारखोला पेदाखोला सिचाई योजना निर्माण, मुलपानी सिचाई योजना, डाँरा तुसारे पम्पिङ्ग सिचाई योजना, खेत गाउँ सिचाई योजना निर्माण, देउता खोला मुडिगाड लिप्ट सिचाई, ओखरेनी खोला गाउँवारी किमटाकुरा पाइप सिचाई योजना, रानीचिउरा कोलडाँडा पेदा सिचाई मर्मत स्तर उन्नती, त्रिपनी कृषि सिचाई योजनाहरु संघीय र प्रदेश सरकार बाट ४ करोड २७ लाखको योजना प्राप्त

भएकोले मागको गाउँपालिकाले साना सिचाईको लागि **यस क्षेत्रमा समग्र बजेटरु. १९ लाख विनियोजन गरेकोछु।**

२७. **भवन तथा सहरी विकासः** सहरी तथा बस्ती विकास भवन संहिता मापदण्ड २०७५ गाउपालिकाले जारी गरेकोछ भने अर्को तिर गाउँपालिकाले शहरी तथा वस्ती विकासको विष्तृत परियोजना निर्माण गरेको हुनाले सोहि बमोजिम भवन र सडक निर्माण अनुमति र नियमन गरिनेछ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको पछिल्लो निर्देशन अनुसार जग्गा प्राप्ति सम्वन्धि जनतावाट दान गरिएको जग्गालिने पहिलो र सहज प्राथमित्ता भएकोले मध्यपहाडि लोकमार्ग संग जोडिएको सुरक्षित र पुक्दो **जग्गा सिम्लि वजार देखी द्ववारे सम्मको क्षेत्रमा जहाँ दान जग्गा पाइन्छ सोही स्थानमा गाँउपालिका कार्यालय भवन निर्माण गर्ने गत बर्षको नीति कायम गरीएको छ।** गाउँपालिका भवनको DPR गरिएको छ, आ.ब.०७७।७८ मा भवन नभएका सवै वडा कार्यालयहरु र भवन नभएका सवै आधारभुत स्वास्थ्य सेवा केन्द्र निर्माण गर्न नेपाल सरकार र प्रदेश सरकार संग माग रयोजनामा साझेदारिको लागि समपुरक बजेट व्यवस्था गरिएकोछ।नेपाल सरकार बाट सशर्त बजेट खर्च गर्ने कार्यविधिको आधारमा विध्यालय भौतिक पुर्वाधार र नमुना विद्यायलयमा शसर्त अनुदान रु.१ करोड ९२ लाख प्राप्त भएको छ भने स्वास्थ्य भवनहरु निर्माण क्रमागत रुपमा गरिनेछ। प्रदेश सरकार बाट विशेष अनुदानको शिक्षा भवनको बजेट सहित **यस क्षेत्रमा समग्र बजेट रु.१ करोड १० लाख ५० हजार विनियोजन गरेकोछु।**

२८. **उर्जा, लघु तथा साना जलविद्युतः** गाउँपालिकामा साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, संचालन र नियमन गरिनेछ।उज्यालोमा वस्नपाउनु जनताको अधिकार लाई स्वीकार गर्दै गाँउपालिकालाई पूर्ण रुपले उज्यालो पार्ने र सवै बिद्यालयहरु र स्वास्थ्य संस्थाहरुलाई केन्द्रीय बिधुत लाइनको पहुचमा नहुदा सम्म बैकल्पिक उर्जा (सोलार) पुऱ्याउने लक्ष सहित संघीय र प्रदेश सरकार संग समन्वय गरी यसलाइ अगाडी वढाइनेछ। साना जलविद्युत आयोजना र वैकल्पिक ऊर्जा सम्बन्धी गाँउपालिका उज्यालो कार्याक्रम अन्तरगत विधुतीकरण गर्ने सनदर्भमा १२० किलो वाट विधुत सरकारी, सहकारी र नीजि लगानिको साझेदारिमा सम्पन्न गाउँपालिकामा सूचीकृत भएका जलविधुतहरुलाई संरक्षण, मर्मत संभार र काठको पोल बदल्न सहयोग गरिनेछ।राष्ट्रिय ग्रामीण तथा नवीकरणीय उर्जाकोसशर्त अनुदान कार्यक्रमको कार्यविधिको आधारमा खर्च गर्नेगरी यसतर्फ ६ लाख र **गाउँपालिकाबाट रु. २१ लाख गरी जम्मा बजेट रु. २७ लाख विनियोजन गरेकोछु।**

२९. **सुचना सञ्चार र प्रविधि तर्फः** गाँउपालिका भर टेलिफोन सेवा उपलव्ध गराउने क्रममा नेपाल टेलिकम दुरसञ्चार र एनसेलका निर्माण भएका टावर प्रभावकारी सेवा सञ्चालन गर्न र टावर विस्तार गर्न वडा नं. ४ टुरा र वडा नं.११ अर्मा सानो लेकमा टावर सम्पन्न भै संचालनमा आएकोछ तथा दुली ६ को छहरा लेक सर्वेभै काम सुचारु भएको छ। वडा नं.३ अध्याभौर र वडा नं. २ को खालिमा टेलिकम टावर निर्माणको योजना मागगरी संघिय सरकारको ध्यानाआकर्षण गराइनेछ।गाउँ पालिकाकार्यालमा, सबै वडा कार्यालयहरु, विषयगत कार्यालयहरु तथ प्रतिनिधि मुलक शिक्षा र स्वस्थ्य संस्थाहरुमा वाइफाइ जडानगरी संचालनमा

आएको छ। कार्यालय क्षेत्रमा निशुल्क वाइफाइ सुविधा प्रदान गरिएकोछ,वाइफाइको माध्यमवाट सञ्चालन वेबसाइटले गाउँपालिका सरकारको सवै सूचना प्रवाह गरेको छ, अनलाइनको माध्यमवाट गरेने समग्रकाम र लेखा शाखाको शुत्र अनलाइन भुक्तानी दगाएत जिल्ला, प्रदेश र संघीय सरोकारवाला हरुसंग अनलाइन बाट गरिने सवै कामहरु सहज ढंगले सम्पादन गरिने छ। मोराखारा सामुदायीक एफ एम सञ्चालनमा आएकोले गाउँपालिका भित्रको समग्र कामको प्रचार, निगरानी र जनताको हितमा परिचालन गर्दै रेडियो पूर्वाधार बिकासको लागि स्तोरन्नती अनुदान प्रदान गरिने छ। गाउँपालिका एक वडा एक पत्रकार को अवधारना अनुसार वडाहरुको सहभागितामा पत्रकारीता तालिम, सूचना संचार, एफएमवाट जनहितका कार्यक्रम प्रसारन, वाइफाइ महसुल, सुचना प्रणाली सफ्टवयर, सूचना डिजिटल बोर्ड, पत्रपत्रिका छपाइ र सुचना प्रकासनसहित यस कार्यक्रमहरुतर्फ रु.१६ लाख बजेट **विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

## वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्र तर्फ

३०. **वन तथा भु-संरक्षण :** गाउँपालिका सामुदायिक वनमा पर्यापर्यटन/उद्यम प्रवर्द्धन वन व्यवस्थापनलाई दिगो बनाउँदै यस क्षेत्रको उपयोग र संरक्षण दुवैलाई प्राथमिकता दिइने नीति अनुसार वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी साझा अधिकारहरुमा संघ र प्रदेश सरकार संग समन्वय र सहकार्यागरी स्थानीय नीति, कानून, मापदण्ड, योजना निर्माणगरी कार्यान्वयन र नियमन गरिनेछ। मौराखारालाइ बातावरणीय, पर्यावरणीय र पर्यापर्यटन बिकासको लागि समुदायद्वारा संरक्षितक्षेत्रको अवधारणा र अध्यायण, जडिवुटी संरक्षण र प्रशोधनगरी आयोर्वेदिक औषधी, हर्वल र मसाज तेल उत्पादन कार्यक्रमको लागि पहल गरिनेछ। सरकारी, निजी, सहकारी र समुदायको साझेदारीमा जडिबुटी लगायत वन पैदावारमा आधारित १ वडा १ बन उद्योग स्थापना गरिनेछ। स्थानीयस्तरमा सामुदायिक, कवुलियती र राष्ट्रिय वनको संरक्षण सम्वर्द्धन, उपयोग र नियमन गरिनेछ। वन उपभोक्ता समूहलाइ व्यवस्थित र सक्रिय वनाएर लेखा तथा अभिलेख व्यवस्थित गरि वन संरक्षन र उपयोगमा जिम्मेवारी र जवाफदेही वनाइनेछ। सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रहरुमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन गरिनेछ। जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन गरिनेछ। मध्यपहाडी सडक जोडिएको सार्वजनिक जमिनमा वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन, नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन गर्न गरासुधार गरिने छ। मध्यपहाडी, क्षेत्रिय सडक र वडाका कृषि सडकहरु तथा सानीभेरी र भेरी नदी फाँट वारीपारीको सार्वजनिक जमिनलाई क्रमश स्थानीय सरकार र सरकारी कार्यालयकोको स्वामित्व लिने, सार्वजनिक काम्मा लगाउने तथा संरक्षण गर्नेगरी यस क्षेत्रमा २६ लाख **विनियोजन गरेको छु।**

३१. **जलाधार संरक्षणः** गाउपालिकामा जलाधार, पानी मुहान संरक्षण, भूसंरक्षण र जलाधार व्यवस्थापन, सामुदायिक अनुकूलन, खानी तथा खनिज पदार्थको संरक्षण, ढुंगा, गिट्टी, बालुवा, माटो, आदि खानीजन्य वस्तु सम्वन्धी सर्वेक्षण, अन्वेषण, उत्खनन, खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग, व्यवस्थापन र स्थानीय खानी तथा खनीज पदार्थ सम्बन्धी सूचना तथा तथ्यांक संकलन गरिनेछ। कानूनी मापदण्डमा खानी तथा नदीजन्य पदार्थको प्रयोग र विक्रि वितरन गर्न वातावरण प्रभाव मुल्याङ्कण गरि सोहि मापदण्ड अनुसार उत्खनन् विक्रि वितरण अनुगमण र नियमन गर्नेगरी ४ लाख **विनियोजन गरेको छु।**

३२. **जलवायु परिवर्तनः** संघीय र प्रदेश सरकार, सरोकार सामाजिक संघ-संस्थाहरु संग साझेदारी गरी जलवायु परिवर्तन न्यूनीकरण तथा अनुकूलनका कार्यक्रमहरू सञ्चालन गरिनेछ। स्वच्छ, हराभर र प्रदूषणमुक्त गाँउपालिका अभियान सञ्चालन गरी जैविक विविधता तथा जलवायु परिवर्तन अनुकलनमा सानीभेरी गा.पा. र आशा प्रोजेक्ट कार्यक्रम बिच सम्झौता भई ११ वटा वडाहरुमा कार्यक्रम लागु भएकोले योजना निर्माणमा सहभागिता र कार्यन्वयणमा प्रभावकारी अनुगमण गरिने छ।

३३. **सरसफाई तथा फोहोर मैला व्यवस्थापनः** गाउँपालिकाले फोहरमैला ब्यवस्थापन कार्याविधि २०७५ निर्माण गरेकोले सोही बमोजिम कार्यन्वयन अनुगमन र नियमन गर्दै सरकारी, सहकारी र निजि क्षेत्र, नागरिक समाजको संलग्नतागरिनेछ। फोहर व्यवस्थापन समवन्धी रणनीतियोजना निर्माण कार्यक्रम र आमनागरिक तथा समुदायको चासो र संलग्नतामा अभिबृदि गरी फोहर संकलन दिखि व्यवस्थापन सम्मका सबै फोहर र प्लाष्टिक जन्य फोहरहरुको व्यवस्थापनमा सरलता ल्याउन, वातावरणीय जोखिम न्यूनीकरण, प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरुको नियमन तथा व्यवस्थापन गर्ने नीतिभित्र रही फोहरमैला व्यवस्थापन गरिनेछ। गाउँपालिकामा रुकुमेली समाज विकास केन्द्र र सुआहारा गैरसरकारी संस्था संग साजेदारी गरि सरसफाई तथा पुर्ण सरसफाइ उन्मुख वडा कार्याक्रम संचालनसहित **यस क्षेत्रको बजेट रु. ५ लाख विनियोजन गरेकोछु।**

३४. **जल उत्पन्न प्रकोप नियन्त्रणः** संघीय र प्रदेश सरकार संग गाँउपालिकाले समन्वय र साझेदारिमा तटबन्ध नदी तथा पहिरो नियन्त्रण तथा नदी व्यवस्थापन र जल उत्पन्न प्रकोप व्यवस्थापनलाई विशेष प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ। नदीजन्य पदार्थहरुको उत्खनन् गर्दा नदी प्रणालीको प्रकार, उपलब्ध नदीजन्य पदार्थको परिमाण तथा स्थानीय वातावरणको संवेदनशीलतालाई आधार मानी अध्यन, अनुसन्धान गरी बातावरण प्रभाव मुल्याङ्कण कार्ययोजना बनाएर मात्र नदीजन्य पदार्थको उपयोग गरिनेछ।नदी नियन्त्रण र मानव वस्ति संरक्षनको लागी वढी जोखिम तथा धनजनको क्षेति हुनसक्ने संभाव्यताको अध्यानगरी तट्वन्धन र नदी नियन्त्रण गर्न चाईनाबगर सोता वाहुनिखेत खण्ड, ज्यमिरे पिरेतरा बेलटापु रिम्ना दुइभेरीखण्ड र हाँसीवाङ छोटेवगर फल्लेवगर सिस्नेखोला खण्ड नदि नियन्त्रणल गायत अन्य सम्भावित ठाँउहरुमा योजनावद्ध कार्यक्रम सञ्चालन गर्न संघीय र प्रदेश सकार संग साझेदारी गरिने छ।

३५. **विपद् व्यवस्थापनः** गाउँपालिकाले विपद् व्यवस्थापन सम्वन्धि ऐन र कार्याविधि निर्माण गरेकोछ सोहि बमोजिम नीति र मापदण्ड योजना निर्मानगरी कार्यान्वयन र नियमन गरिनेछ। बिश्वव्यापी फैलेएको कोभिड-१९(कोरोना भाइरस) प्रकोप विपद् लाइ नियन्त्रण र रोकथाम गर्न पूर्व प्रतिकार्य योजना,खोज तथा उद्धार, राहत सामग्रीको तयारी रवितरण गर्न गाउँपालिकाले मापदण्ड बनाएको हुनाले सोही वमोजिम काम गरिने छ।विपद् व्यवस्थापन सम्वन्धी गाँउपालिकाले स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणालीको विकास गर्न गाँपालिकामा विपद व्यवस्थापन समिति गठन गरीएकोले विपद् पूर्व तयारी तथा प्रतिकार्य योजनामा सरकारी तथा गैरसरकारी, सामाजिक संघ संस्थाहरु र स्वयं सेवकभावना द्ववारा प्रेरित युवा जनशक्तिलाई परिचालन गरिनेछ।यसको लागी गाँउपालिका अन्तरगत सवै वडाहरुको लागी सवैखाले विपदजन्य प्रकोप नियन्त्रण, रहात र उद्धार व्यवस्थापन गर्नेगरी **यस क्षेत्रमा रु. ८७ लाख बजेट विनियोजन गरेकोछु।**

३६. **वारुणयन्त्र (आगलागी नियन्त्रण) :** मानव जन्य कृयाकलापले जान-अन्जान, अचेत र लापरवाही वाट विधुत सट्भै हुने आगजनिले प्राकृतिक श्रोत साधन र मानविय भौतिक संरचना र धनजनको ठुलो क्षेति भएका छन्। शहरी विकस उन्मुख वस्ति विकासको भौतिक संरचनाले घना वजार, विभिन्न व्यवसायहरु, सरकारी कार्यालयहरु, विभिन्न सेवा प्रदायिक संघ-संस्थाका कार्यालयहरु, शैक्षिक र स्वस्थ्य संघ-संस्थाहरुको वृद्धी विकास संगै सानिभेरीमा उर्जाको क्षेत्रमा क्रमस विकास हुदैछ। गाँउघर र वजार क्षेत्रमा लापरवाही र विधुत सटभइ हुने आकस्मिक आगजनि तथ व्याक्तिगत गलत निहेतले जंगलमा हुने आगजनिलाई नियन्त्रन गर्नुपर्दछ। बन, गाँउ घर वजारमा हुने आगजनिप्रति पूर्ण सावाधान रहन सचेतना मुलक कार्याक्रम सञ्चालन गर्ने र केही मुख्य कार्यालयहरुमा आगो नियन्त्रन साधनहरुको व्यवस्थापन र वनमा आगजनि गर्नेलाइ नियन्त्रन गरि विध्यमान बन ऐन बमोजिम कारवाही गरी **बनको संरक्षणमा टेवा पुऱ्याउन यसको लागी बजेट रु.१ लाख विनियोजन गरेको छु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

**सुशासन तथा संस्थागत विकासको क्षेत्र तर्फ**

३७. **मानव संसाधन व्यवस्थापन :** गाँउपालिका सेवाको व्यवस्थापन सम्वन्धी नीति र कानून बमोजिम स्थानीय तहको संगठन संरचना तथा दरबन्दी निर्धारण गरिएकोछ। स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन गरिनेछ। जनताका जनप्रतिनिधि र कर्मचारीहरुले सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचार मुक्त, जनउत्तरदायी र सहभागिता मूलक बनाउनु पर्दछ। आर्थिक वर्ष ०७६/०७८ को लागि नेपल सरकारको नीति कार्याक्रम र बजेटमा नेपल सरकार प्रदेश र स्थानीय सरकारको सम्पुर्ण कर्मचारीहरुलाई तलव सेवा सुविधा वारे जे-नीति तय गरेकोछ सो नीतिलाई कार्यान्वयन गरिनेछ।

**गाउँपालिकमा समग्र क्षेत्रको** कामलाइ छिटो छरितो र प्रभावकारी सेवा प्रदान गर्न स्थानीय सरकार मातहत्का प्रशासन समुहका कर्मचारीहरुले थप समय काम गरेवापत कार्यपालिकाले निर्माण गरे बमोजिम कर्मचारी प्रोत्सहान भत्ता कार्याविधि,२०७५ अनुसार थप सुविधा ७ लाख र प्रशासन समुहका स्थायी कर्मचारी तलव भत्ता रु १ करोड ७५ लाख, गाउँपालिका र वडा कार्यालय अन्तर्गत करार कर्मचारीको तलव ४६ लाख ५४ हजार र नगर प्रहरी- तलव, पोषाक र खाद्यन्न रु. १२ लाख ८० हजार र जनप्रतिनिधिहरुको मासिक सुविधा ८० लाख **सहित ३ करोड ३९ लाख विनियोजन गरेको छु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

३८. **सुशासन तथा संस्थागत क्षमता विकासः** सानीभेरी गाँउपालिकामा सुशासन तथा संस्थागत विकासको क्रममा आम नागरिकको हित र सन्तुष्टि सर्वोपरी ठानी कार्य सम्पादन गर्नुपर्ने, जहाँ काम त्यहा प्रशन, जसलाई प्रशन उसकै जवाफ भन्ने मान्यतामा आधारित प्रतक्ष उत्तरदायित्व सुनिश्चित गर्न दक्ष्य जनशक्ति परिचालन र व्यवस्थापन गरिनेछ। आर्थिक वर्ष ०७७/०७८ मा संस्थागत कामलाइ व्यवस्थित गर्न कार्यपालिका बैठक ३६ वटा,गाँउ सभा बैठक ६ वटा, ११ वडा कार्यालय बैठक १९८ वटा वैठकहरु सुविधामा गणना हुनेछ।

पानी तथा विजुली, संचार महसुल (इन्टरनेट र फोन सुल्क गा.पा. र वडा कार्यालय), इन्धन(पदाधिकारी), इन्धनगा.पा. कार्यालय, ११ वडा कार्यालयहरु, सवारी साधन मर्मत खर्चगा.पा. कार्यालयर ११ वडा कार्यालयहरु, विमा तथा नवीकरण खर्च(वाईक, गाडी), मेसिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च, मसलन्द तथा कार्यालय सामाग्रीगा.पा. कार्यालय र ११ वडा कार्यालयहरु, पुस्तक तथा सामाग्री खर्च, इन्धन-अन्य प्रयोजन(ग्यास, मट्टी तेल), पत्रपत्रिका, छपाई तथा सूचना प्रकाशन खर्च, कर्मचारी तालिम खर्च(प्रशासनीक,प्राविधिक, लेखा, जिन्सी),सीप विकास तथा जनचेतना तालिम र गोष्ठी सम्बन्धि खर्च, विविध कार्यक्रम खर्च (विभिन्न दिवसहरु),अनुगमन, मुल्यांकन खर्च (जनप्रतिनिधि र कर्मचारी), भ्रमण खर्च(जनप्रतिनिधि र कर्मचारी), विविध खर्च (खाना चिया नास्ता) वडा कार्यालय समेत, सभा सञ्चालन खर्च, मेशिनरी सामान मर्मत तथा संम्भार र गाउँपालिका र वडा कार्यालय तथा विषयगत कार्यालयहरुको घरभाडा र केही बाइक (गाडी) खरिद सहित **यसक्षेत्रको समग्र खर्च रु. २ करोड १८ लाख विनियोजन गरेकोछु।**

३९. **राजस्व परिचालनः** गाउँपालिकामा राजस्व नियन्त्रण, संकलन र बाँडफाँड, प्राकृतिक स्रोत साधन र व्यवसायिक कर, पुर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी सबै आर्थिक कृयापकलापलाई करको दायरमा ल्याई राजस्वको दायरा फराकिलो गरी राजस्व परिचालन समिति वनाएर व्यवस्थित गरिनेछ।आर्थिक कृयापकलापको विस्तारमा सहयोग पुग्ने गरी कर प्रणालीलाइ लगानी मैत्री बनाई उत्पादनमूलक उद्योग तथा व्यवसाय प्रवर्द्धन गर्ने, करको संरचना र करका दरहरूमा समय सापेक्ष सुधार गरी कर प्रणानीलाई थप प्रगतिशील वनाइनेछ।यसको लागी सरोकार वाला संग अन्तरकृया, विभिन्न छलफल र परामर्श गोष्ठी लगाएत चेतना मुलक कार्याक्रम गर्ने र लक्ष अनुसारको समयसिमा भित्र वढी राजस्व संकलन गर्ने वडा र साखा लाइ पुरस्कार स्वरुप थप योजना गाउँपालिकाले प्रदान गर्नेछ।राज्यको सार्वजनिक सम्पत्ति (ऐलानि) जग्गालाइ संघ र प्रदेश सरकारको कानून संग नवाझिने गरि व्यवस्थित गरि करको दायराना ल्याउनु पर्दछ। स्थानीय सरकारवाट जनताले सेवा सुविधा लिनु र राज्यलाइ जनताले कर वुझाउनु कर्तव्य भएकोले सेवा लिने अधिकार र कर वुझाउने कर्तव्यलाईसमान कार्यान्वन गर्नेगरी छलफल परामर्श गर्न **यसक्षेत्रको लागी बजेट रु. १ लाख ५० हजार विनियोजन गरेकोछु।**

४०. **वित्तिय व्यवस्थापन र जोखिम न्युनीकरणः** गाउँ सभा वाटलेखा समिति गठन भइसकेको हुनाले कानून बमोजिम आफनो क्षेत्रधिकार भित्र रही समग्र आय व्ययलाइ व्यवस्थित पारदर्शि गरिनेछ।संविधान, स्थानीय सरकार सञ्चालन ऐन, नेपाल सरकारको सार्वजनिक खरिद ऐन र नियमावली, गापाको आर्थिक ऐन र सार्वजनिक खरिद नियमावली, विनियोजन ऐन तथा वित्तीय व्यसथापनका सवै कानूनहरु जानकारी लिएरमात्र सही कार्यान्वयन गर्न राजनितिक इच्छाशक्ति र प्रतिबद्धता तथा प्रशासन संयन्त्रको सकारात्मक सक्रिय प्रभावको लागि कर्मचारी र जनप्रतिनिधिहरुलाइ विषय विज्ञवाट अभिमुखी करण र वित्तीय जोखिम न्युनिकरण गर्न अन्तरक्रिया गर्न **यस क्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

**गाउँसभाका अध्यक्ष महोदय,**

४१. **सार्वजनिक सुनुवाई र सामाजिक परीक्षणः** गाउँपालिक सरकारले समग्र विषयमा सेवा प्रवाहा समयसिमा भित्र प्रदान र प्रभावकारी वनाउदै विकास निर्माण कार्य तोकिएको मापदण्ड तथा गुणस्तर बमोजिम हुने कुरालाई

सुनिश्चित गरिने छ। सरकार संचालनको समग्र कार्यप्रणाली सरल पारदर्शी र उत्तरदायी बनाउदै वडाहरु र गाउँपालिका सरकारबाट निर्माण भएका विकास तथा पूर्वाधार संरचनाहरुको समयमै काम सम्पन्न गर्न र गुणस्तरको सुनिश्चित र प्रभावकारी नियमन गर्नसमाजका अगुवाहरु राजनीतिक दल शिक्षक तथा वुद्धिजिवी र नागरिक समाज सञ्चार मिडिया तथा युवा सचेत जुजारु शक्ति र सेवा प्रदायीक तथा सरोकार राख्ने सम्वन्धित पक्षहरुको उपस्थितिमा गापा सरकारले वार्षिक ३ चौमासिक सार्वजनिक सुनुवाइ र सामाजिक परिक्षण गरि सोही कुरा गाउँपालिकाको वेबसाइटमा राखिनेछ। **यसक्षेत्रको लागी बजेट रु. ५ लाखविनियोजन गरेकोछु।**

४२. **आन्तरिक, अन्तिम लेखापरीक्षण तथ बेरुजु फर्छ्यौटः** गाउँ पालिकाले आन्तरिक नियन्त्रण कार्ययोजना लागु गर्दा नेपल सरकार अर्थमन्त्रालय महालेखा नियन्त्रक कार्यालयल र गाउँपालिकाले जारी गरेका आन्तरिक नियन्त्रण प्रणालीको सिद्धान्त, नीति, ढाँचा र कार्यविधिलाई मार्गदर्शनको रुपमा लिनुपर्नेछ। गाउँ कार्यपालिका र मातहत कार्यालयहरुको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको लागिगाउँ पालिकाले आफ्नो र मातहतका कार्यालयहरुको आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्न कार्ययोजना बनाई लागु गर्नेछ। गाउँ कार्यपालिकामा आर्थिक वित्तीय सुशासन प्रभावकारी वनाउन स्थानीय सरकारको लेखा समिति गाउँ सभावाट गठन भइसकेकोछ र आन्त्रिक लेखा परिक्षण लाइ व्यवस्थित प्रभावकारी वनाइ सम्वन्धित पक्ष,कार्मचारी र जनप्रतिनिधिहरुलाइ अभिमुखिकरण र अन्तरकृयात्मक कार्याक्रम **गर्ने गरी यसक्षेत्रको लागी बजेट रु. ३ लाख विनियोजन गरेकोछु।**

४३. **सेवा प्रवाहका मापदण्ड निर्धारणः** सेवा प्रवाहको मापदण्ड जानकारीको लागि गाउँपालिका र वडा कार्यालयहरुमा सवैले देख्ने र वुझ्ने गरी बडा नागरिक पत्र राखिएकोछ यसलाइ अझै दिगो र प्रष्कृत गरी समय सपेक्षिक प्रभावकारी वनाइनेछ। सेवा प्रवाह निकायको स्वरुप र प्रकृति, निकायको काम, कर्तव्य र अधिकार, निकायमा रहने कर्मचारी संख्या र कार्य विवरणसेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी, सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि, निर्णय गर्ने प्रकृया र अधिकारी, निर्णय उपर उजुरी सुन्ने अधिकारी सुनिस्चित गरिनेछ। आर्थिक वर्षको कार्यक्रम वा आयोजना सम्वन्धी विवरण गाउँपालिकाको वेबसाइटमा राखी आफ्नो कार्यालयको सूचना नियमित रुपमा प्राप्त गर्नेप्रक्रियालाई व्यवस्थीत **गर्न यसक्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

४४. **सेवा प्रवाहमा विद्युतीय सुचना प्रविधिको प्रयोगः** सेवा प्रवाहमा विद्युतिय सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गँउपालिकाबाट गरिने सबै नीति, ऐन, कानून लगायत सम्मपूर्ण निर्णयहरु नागरिकलाई जानकारी गर्न राजपत्रको रुपमा वेबसाईट, नागरिक वडापत्र डिजिटल सूचना पार्टीलाई प्रयोगमा ल्याइ यसलाइ अझै प्रभावकारी वनाइनेछ। सूचना प्रविधिको प्रयोगको सन्दर्भमा गाँउपालिका कार्यालय, विषयगत कार्यालय र वडा कार्यालय हुदै क्रमस मा. वि. हुदै सवै विध्यालयहरु, गाउँपालिका अस्पत्ताल र सवै आधारभुत स्वस्थ्य सेवा केन्द्रहरुमा डिजिटल हाँजरी तथा अनलाइन सेवाको प्रयोग र विस्तार गरी प्रभावकारी कार्यान्वयन गर्दैडिजिटल उन्मुख गाँउपालिका बनाउने लक्ष लिइएकोछ। तत्काललाइ गाँउपालिका र वडा कार्यालयहरु र मा वि सहित वडा

नमुना विध्यलयहरु स्वस्थ्य चौकीहरुमा पुक्दो ध्यानदिएर **यसक्षेत्रको लागी बजेट रु. ६ लाख विनियोजन गरेकोछु।**

४५. **नागरीक सन्तुष्टी सर्वेक्षणः** सानीभेरी गाँउपालिका जनताको स्थानिय सरकार भएको हुनाले राज्यको श्रोत साधनलाइ अत्यधिक नागरिक हितमा प्रयोग गर्न र जनशक्ति वाट गरिने सेवाप्रवाहका सम्पुर्ण कामप्रति नागरिकहरुको सन्तुष्टि र असन्तुष्टि केछ यसलाइ संस्थागत वयवस्थापन गर्न आवश्यक संरचना, जनशक्ति र कार्याक्रम तयगरि जनतावाट सुझाप लिएर जनतालाइ प्रभावकारी सेवा दिनेगरी **यसक्षेत्रको लागी बजेट रु. १ लाख विनियोजन गरेकोछु।**

४६. **संमपूरक बजेट व्यवस्थापनः** नेपालको संविधान २०७२ अनुसार राज्यको पुनरसंचना र राज्यशक्तिको वाँडफाड गर्ने क्रममा संघीय, प्रदेश र स्थानीय सरकार गठन र तिनै तहको एकल र साझा अधिकार सूची अनुसार राष्ट्रिय प्राकृतिक श्रोत वित्तीय आयोग र अन्तर सरकारी वित्तीय हस्तान्तरण ऐनले वित्तीय संघियता अनुरुप सिफारिस गरे बमोजिम संघ र प्रदेश वाट स्थानीय तहको माग र तयारीको आधारमा प्राप्त हुन सक्ने संपुरक अनुदान लाई अनुमान गरी स्थानीय तहवाट संपुरक कार्याविधि अनुसार सझेदारीको आधारमा उत्पादन तथाविकास निर्माणमाकाम गर्ने गरी **संमपुरक बजेट रु ८० लाख विनियोजन गरेकोछु।**

४७. **अन्तर तह/निकाय समन्वयः नेपालको संविधान २०७२ को मुल मर्म र भावना अनुसार** सानीभेरी गाँउपालिका सरकारले अन्तर तह र निकाय, संघ र प्रदेश सरकार र जिल्ला समन्वय तथा संघ र प्रदेशमा प्रतिनिधित्व गर्नुभएका माननीय सदस्यज्यूरु, अन्य स्थानीय तहहरु संग र सरकारी तथा गैर सरकारी संघ-संस्थाहरुसंग समन्वय, सहकार्या र साझेदारी कार्य योजनामा अगाडी दढ्न आवश्यक सवै प्रकारका कार्याक्रम र वैठकको लागि समन्वयको काम **गर्न यसक्षेत्रको लागी बजेट रु २ लाख विनियोजन गरेकोछु।**

४८. **सूरक्षा सम्बन्धिः** गाँउपालिकाले नगर प्रहरी वारे निर्देशन, नियन्त्रण, परिचालन र भरण पोषण गर्ने नीति, कानून, मापदण्ड वनाएकोले संघीय, प्रदेश र स्थानीय कानूनको अधिनमा रहि नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन र नियमन गरिनेछ।जिल्ला प्रहरी कार्यालय लगायत जिल्ला स्थित सवै सुरक्षाका निकायहरु र स्थानिय प्रहरी चौकीहरु संग आपसि समन्वय र सहकार्य, सुरक्षा लगायत आवश्यक समग्र विषयमा साजेदारी गरीनागरिकहरु लाई प्रभावकारी सेवा प्रवाह गरिनेछ। यसक्षेत्रमा कामगर्ने नगरप्रहरीको करार सेवा तलब अन्य सेवा कर्मचारी तलव-भत्तामा जोडिएको छ।र प्रहरी चौकि सिम्ली र चाइनावगरलाइ कार्यालयमा आवश्यक पर्ने भौतिक सामाग्रि, वाइक मर्मत, वाइक इन्धन र विपदको अवस्थामा आवश्यक सामाग्रि र कार्यालय खर्चकोलागि **यस क्षेत्रको बजेट रु. ३ लाख विनियोजन गरेकोछु।**

**गाउँ सभाका अध्यक्ष महोदय,**

४९. **सरकारी तथा गैर सरकारी संस्थाहरु वारेः** आशा प्रोजेक्ट कार्यक्रम, रुकुमेली समाज विकास केन्द्र, सुआहारार स्वास्थ्य सक्षम प्रणाली कार्यक्रम, बहुक्षेत्रीय पोषण योजना कार्याक्रम, नमुना समाज बस्ती बिकास कार्क्रम, गरीबी संग विश्वेस्वर कार्यक्रम, के.यू.वि.के (KUBK) कार्याक्रमलगायत यसक्षेत्रमा कामगर्ने सामाजिक संघ संस्थाहरु संगसमन्वय, सहकार्या, साझेदारी गरी कुनै पनि आयोजनामा दोहरोपन नहुनेगरी परिनाममुखी काम देखीने र जनताले प्रत्यक्ष लाभलिनेगरी सहमति र साजेदारीमा योजना तर्जुमा, बजेट विनियोजन, कार्यन्वण, अनुगमण र समिक्षा गरी कार्यक्रम्मा दिगोपना, सुशासन र प्रभावकारिताको आधारमा निरन्तरता दिईनेछ।

गैरसरकारी संघ संस्थाहरुको उत्पादन तथा सेवामुलक कार्याक्रम हेरी गाउँपालिका सरकारले साझेदारी गर्न **यसक्षेत्रको बजेट रु. ३० लाख विनियोजन गरेकोछु।**

५०. **सानीभेरी गाउँपालिकामा न्यायिक समिति सम्वन्धि काम र प्रस्तावनाः** नेपलको संविधान र स्थानीय सरकार संचालन ऐनले न्यायिक समितिलाइ दिएको अधिकार सिमाभित्र प्रचलित कानून बमोजिम उजुरीको कारवाही र किनारा गर्दा अपनाउनुपर्ने कार्यविधि २०७५ निर्माण गरी सकेको हुनाले स्पष्टता, एकरूपता एवं पारदर्शिता कायम गरी कानूनको शासन तथा न्याय प्रतिको जनविश्वास कायम राखीनेछ। न्यायिक समितिको कार्यालय संचालन तथा मेशनरी मर्मत र मसलन्द खर्च, घरभाडा, कार्या प्रगती विवरण फारम छपाई, मेलमिलाप केन्द्रका पदाधिकारीहरुलाई चौमासिक अन्तरकृया, वडामा सिफारि सफल असफलमुद्दाको मासिक बिवरण संकलन तथा बैठक, वडा मेलमिलाप केन्द्रका मेलमिलाप कर्ताहरुलाई न्यायीक अभ्यास वारे प्रयोगात्मक तालिम र न्याय सम्पादनमा योगदान गर्नेलाई पुरष्कृत गर्ने, न्याय समितिको मासिक बैठक र बार्षिक प्रगति समिक्षा सहित **समग्र न्यायको कामलाई व्यवस्थित गर्नेगरी रु. ५ लाख विनियोजन गरेकोछु।**

५२. **जनयुद्ध र जनआन्दोलनः यो देशमा** जनयुद्ध र जनआन्दोलनमा ठुलो भुमिका खेलने जनयुद्ध र जनआन्दोलनका महान सहिद परिवार, घाईते अपाङ्गता हरुको योगदानलाइ सामाजिक रुपमा गाउँपालिका सरकारले सम्मान, स्थापित मुल्य-मान्यता संस्कारको बिकास गरेतापनि सवैको अवस्था व्यवस्थित हुन सकिरहेको छैन। क्रमस व्यवस्थित गर्नेगरी जनयुद्ध तथ जनआन्दोलनका सहिद परिवारहरुलाई सम्मान तथा सहयोग, घाइतेहरुलाई सिपमुलक तालिम र आयआर्जनको लागि कृषि जन्य उत्पादन कार्यगर्नेगरी **यसक्षेत्रमा ४लाख बजेट विनियोजन गरेकोछु।**

५३. **सामाजिक सुरक्षा भत्ताः** नेपाल सरकारको राष्ट्रियकोष वाट वितरन गरिने सामाजिक सुरक्षा भत्ता प्राप्त गर्न मापदण्ड पुगेका कुनैपनि नागरिकले खाइपाइ आएको सामाजिक सुरक्ष सेवासुविधा छुट्नेछैन। सम्वन्धित वडा कार्यालयहरुले आफनो सेवाक्षेत्र भित्रका सुरक्षा भत्ता प्राप्त गर्न योग्य नागरिकहरुको व्यक्तिगत विवरण एम आइ एस मा इन्ट्रि अपडेट गरी डाटालाइ व्यवस्थित र पारदर्सि वनाई सेवाग्राही नागरिकह लाई समयमा वितरण गरिनेछ। डाटालाइ व्यवस्थित र पारदर्सि गर्न दक्ष **जनशाक्तिको तालिम गर्न यसक्षेत्रमा १ लाख ५० हजार बजेट विनियोजन गरेकोछु।**

५४. **नागरिक उपचार सहयोग गर्ने वारे-** गाउँपालिकाले उपचार सहायता कार्याविधि निर्माण गरेको हुनाले सोही वमोजिम मापदण्डको आधारमा जनयुद्ध र जनआन्दोलनका घाइते अपाङ्ग लगायत असाहायक नागरिकलाइ उपचार सहयोग गर्नेगरी **यसक्षेत्रमा रु. ५लाख वजेट विनियोजन गरेकोछु।**

५५. **बहुक्षेत्रिय पोषण कर्याक्रम-** कुपोषणको गम्भीर समस्यालाई न्यूनिकरण गर्न नेपाल सरकार र यूनिसेफ नेपाल द्वारा संचालित बहुक्षेत्रीय पोषण कार्यक्रमगाउँपालिकामा लागु भई पोषण तथा खाद्य सुरक्ष समन्वय समितिले पोषण प्रतिवेदन पास गरेकोले-बहुक्षेत्रीय पोषण योजना लाई प्रभाबकारी रुपमा कार्यान्वयन गर्नका लागी- गाउँपालीकामा गर्भवती महिलाहरुलाई पोषण कोशेली स्वरुप पोषण खाद्य सामग्री बितरण, प्रत्येक वडामा कम्तीमा एक "पोषणनमुना टोल"घोषणार सवै विषयगत शाखाहरुवाट वहुक्षेत्रीयपोषण योजनाको अवधारणा अनुसार एकिकृत कार्यक्रम वनाई कार्यन्वयनगर्ने, प्राथमिक बिद्यालय जाने गरिब परिबारका बिद्यार्थिहरुका लागी पोषण भत्ता उपलब्ध गराउने, संघिय तथा प्रदेशलेतय गरेका पोषणका मापदण्डहरु पुरागरेका २ वटा वार्ड लाई पोषणयुक्त वाडा घोषणा गरी पुरस्कृत गर्ने, पालीकामा भित्र रहेका ५ वर्ष मुनीका न्यून कुपोषित बालबालीकाहरुको तौल तथा वृद्धि अनुगमन गरी कुपोषणको अवस्था अनुसार परामर्श, पोषण कोशेली तथा

उपचारको ब्यबस्था गरि कुपोषणको दरलाई शुन्यमा ल्याउने, स्वास्थ्य संस्थामा नियमिति गर्भ जाच गरी स्वास्थ्य संस्थामा बच्चा जन्माउने आमाहरुलाई प्रोत्साहान बाफत मातृशिशु कोशेली सहायता उपलब्ध गराउने, महिला र बालकालीकाको स्वस्थ्य अभिवृदि गर्नमा उल्लेखनिय भुमिका निर्बाह गर्दै आउनु भएका महिला स्वयमसेबकहरु का लागी क्षमता बिकास तथा प्रोत्साहनका सवै कार्यक्रम्मा **साझेदारी गर्ने गरी यसक्षेत्रमा ५ लाख बजेट बिनियोजन गरेको छु।**

५६. **प्रधानमन्त्री रोजगार कार्यक्रम वारे**- गाउँपालिकामा सूचीकृत बेरोजगार ब्याक्तिहरुलाई न्यूनतम रोजगारी प्रत्याभुत गराउनु, सामुदायिक पूर्वाधारहरुको बिकास मार्फत नागरिकको जिवनयापन सुधार ल्याउन संघीय सरकारले प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका जारी गरी कर्मचारी र कार्यालय ब्यवस्थापन गर्न शसर्तको रुपमा गाउँपालिका लाईरु. ६४ लाख प्राप्त गरेको हुनाले गाउँपालिकाले प्रभावकारी कार्यन्वयण गर्ने छु।

५७. **पञ्जीकरण शाखा र कार्यक्रम वारे-** स्थानीय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन एम. आई. एस. अपरेटर र फिल्ड सहायक कर्मचारी ब्यवस्थनपन, व्यक्तीगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणाली सञ्चालानार्थ वडा कार्यालयहरुको लागि डेक्सटप कम्पयुटर, प्रिन्टर, स्क्यानर खरिद, सञ्चार सामाग्री प्रसारण तथा छपाई, दर्ता सिविर सञ्चालानार्थ सेवा प्रदायक छनौटको लागि विज्ञापन र घटना दर्ता तथा सामाजिक सुरक्षा दर्ता सिविर सञ्चालन गर्न शसर्त वजेट प्राप्त भएकोले रु. **रु.२९ लाख वजेट विनियोजन गरेकोछु।**

**अन्त्यमाः** प्रस्तुत नीति, कार्यक्रम र बजेट तर्जुमा गर्न महत्वपुर्ण सुझाब दिनुहुने प्रतिनिधि सभाका माननीय सदस्यज्यू, राष्ट्रिय सभाका माननीय सदस्यज्यू, कर्णाली प्रदेशका माननीय मन्त्री तथा सभा सदस्यज्यूहरु, जिल्ला समन्वय समितिको प्रमुख ज्यू, जिल्ला स्थित विषयगत कार्यालयका प्रमुख ज्यूहरु, कार्यापालिका तथा गाँउसभाका माननीय सदस्यज्यूहरु र विभिन्न राजनीतिक दलका नेता ज्यूहरुप्रति हार्दिक आभार प्रकट गर्दछु। नीति तथा कार्यक्रम छलफलका क्रममा सुझाव दिनुहुने स्थानीय सरकारका नि.प्रमुख प्रशासकीय अधिकृत ज्यू लगायत विषयगत शाखाका वरिष्ठ कर्मचारी ज्यूहरु, शहिद परिवार, घाइते अपाङ्ग तथा लक्षित बर्ग समुदायका प्रतिनिधि ज्यूहरु, युवा साथीहरु, निजी क्षेत्र तथा नागरिक समाज, शिक्षक बुद्धिजिवीहरु गैर-सरकारी तथा सामाजिक संघ संस्थाका प्रतिनिधिहरु, पत्रकार संचार मिडिया र सुरक्षा निकायका प्रतिनिधिज्यूहरु लगायत गाँउपालिका भित्र र बाहिर रहनु भएका सम्पुर्ण आमा-बुवा दिदी-बहिनी दाजु-भाइहरु सबैलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

**धन्यवाद !**